# राजनीतिक दलहरूमा समावेशीकरणको अवस्था

**भीमप्रसाद भुर्तेल**

**विषय प्रवेश**

नेपाल अहिले अभूतपूर्व राजनीतिक सङ्क्रमणबाट गुज्रिरहेको छ। २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनले निरङ्कुश राजतन्त्रको अन्त्य गर्दै मुलुकलाई लोकतान्त्रिक व्यवस्थातर्फ अभिमुखरित गऱ्यो । सात संसदवादी राजनीतिक दलको गठबन्धन र नेकपा (माओवादी) बीच समावेशी र सामेली लोकतन्त्र स्थापना र समाजमा व्याप्त सबै प्रकारका अन्तर्विरोधको हल खोज्ने सहमतिअनुरूप संविधानसभाको निर्वाचन समेत सम्पन्न भैसकेको छ र संविधान निर्माणको प्रक्रिया सुरु भइसकेको छ । साथै नेपाल अहिले गणतन्त्रात्मक मुलुकमा दरिन पुगेको छ । यो अवस्था जनता, लोकतन्त्र र राज्यको परिभाषामा नयाँ आयाम र नयाँ शिराको पहिचानको उपक्रम हो । पुराना राष्ट्रिय पहिचानका सङ्केत र राष्ट्रिय गान फेरिएका छन् । नेपालको पुरानो राज्यको परिभाषामा राष्ट्रिय एकताको आधारका रूपमा व्याख्या गरिएको राजतन्त्र संविधानसभाको पहिलो बैठकपछि निर्मूल हुन पुग्यो । अब केन्द्रीकृत राज्यसत्ताको निर्माणसँगै निर्मित अति केन्द्रीकृत राज्यको स्वरूपलाई विकेन्द्रित शासन प्रणालीमा रूपान्तरण गर्नुपर्ने आवश्यकता छ ।

अन्तरिम संविधानको दोस्रो संशोधनको प्रावधानअनुसार मुलुक सङ्घीय ढाँचामा जाँदैछ र करिब साढे दुई शताब्दी लामो एकात्मक र अति केन्द्रीकृत राज्यको पुनर्संरचना हुँदैछ । राज्यको केन्द्रीकृत र सामन्तवादमा आधारित आर्थिक,

राजनीतिक र सांस्कृतिक चरित्र नै समाजका सबै प्रकारको विभेद, शोषण, दमन, उत्पीडन, असामेलीकरण, सीमान्तकरण र पृष्ठक्षेत्रीयकरणको मूल जड हो। समाजका सबै साझेदारहरूको सहभागिता राज्यका सबै तहमा पुऱ्याउनु नै त्यसको एक मात्र समाधान हो। राज्य प्रणालीमा पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग, भाषा, संस्कृति, धर्म, सम्प्रदाय, जातिको सहभागिता अहिलेको मुख्य एजेन्डा हो। अब नेपालीको राष्ट्रिय पहिचानको खोजी हुनुपर्दछ, जुन पहिचानभित्र सबै भाषा, भाषी, जाति/जनजाति, वर्ण, लिङ्ग, धर्म तथा क्षेत्र समेटिएको होस्। महिला, आदिवासी, जनजाति, मधेसी, दलित तथा पिछडिएको क्षेत्रलाई मुलुकको समष्टिगत राष्ट्रिय राजमार्गमा ल्याउनु अहिलेको प्रमुख सवाल हो (भुर्तेल २०६४ र लावती सन् २००७)।

राज्यको सर्वाङ्गीण पुनर्संरचनाका लागि राजनीतिक पुनर्संरचना महत्त्वपूर्ण विषय हो। त्यसका लागि राजनीतिक दलहरूको नै पुनर्संरचना गरिनुपर्ने अर्को महत्त्वपूर्ण विषय हो। राजनीतिक दलहरू समावेशीकरण र सहभागितामूलक राज्य प्रणालीको वकालत गरिरहेका छन्। वास्तवमा यसरी वकालत गर्ने दलहरूमा चाहिँ समावेशीकरणको अवस्था कस्तो छ ? यो सार्वजनिक चासोको विषय हो। दलहरूको समावेशीकरण वास्तविकता नभई राजनीतिक उद्देश्यको शाब्दिक रटान मात्र हो, जनपक्षीय देखिन मात्र दलहरूले समावेशीकरणको नारा लगाएका हुन् भन्ने आरोप पनि लाग्ने गरेको छ। पत्रपत्रिकामा विचार, समाचार, विश्लेषण र सम्पादकीय टिप्पणीसम्ममा पहिले दलहरूमै सामेलीकरण हुनुपर्नेमा जोड दिएको पाइन्छ। यो आलेख राजनीतिक दलहरूमा जातीय सहभागिताको अध्ययनमा केन्द्रित छ। यस लेखमा राजनीतिक दलहरूको केन्द्रीय तह; अन्तरिम व्यवस्थापिका संसद; २०४८, २०५१, २०५६ का प्रतिनिधिसभा तथा तत्कालीन राष्ट्रिय सभा र २०५४ सालको स्थानीय निकायको निर्वाचनमा कथित उच्च जात, जनजाति, दलित र मधेसीको उपस्थितिको तथ्याङ्कगत विश्लेषण गरिएको छ। यस अध्ययनको मुख्य उद्देश्य राजनीतिक दलशास्त्र[1] सम्बन्धमा राजनीतिशास्त्री, विद्यार्थी, राजनीतिकर्मी, नीतिनिर्माण तहमा रहेकालाई मौलिक नेपाली राजनीतिक दलशास्त्रसँग परिचित गराउने, राजनीतिक दलमा जातीय विविधताको अध्ययन गर्ने, दलमा समावेशीकरणको औचित्यको बहसलाई अगाडि बढाउने र यसका लागि नीतिगत सुझाव दिने हो।

---

[1] एङ्गेलम्यान (सन् १९५७) ले राजनीतिक दलशास्त्रलाई राजनीतिशास्त्रको एक बेग्लै शाखाको रूपमा परिभाषित गरेका छन्।

वास्तवमा दलहरूमा विभिन्न क्षेत्र, जात, जाति, आदिवासी, जनजाति, महिला, दलित र उत्पीडित समुदायको कस्तो अवस्था रहेको छ भन्ने विषयमा थोरै मात्र वैज्ञानिक र व्यवस्थित शोध भएका छन् (हेर्नुहोस् हाछेथु सन् २००६)। राजनीतिक दलको जनसाङ्ख्यिक अवस्थाकै विषयमा केन्द्रित यस प्रकारको वैज्ञानिक अध्ययन भएका छैनन्। यस आलेखमा राजनीतिक दलहरूमा जातीय समावेशीकरण अवस्थाको विश्लेषण गरिनेछ। जनजाति, मधेसी र दलित समुदायको सहभागितालाई यस अध्ययनको केन्द्रमा राखिएको छ। लैङ्गिक समावेशीकरणबारे यहाँ चर्चा छैन। महिलाको राजनीतिक दलहरूमा समावेशीकरणबारे धेरै अध्ययन भएका छन्। यद्यपि लैङ्गिक समावेशीकरणबारे बेग्लै अध्ययन गर्नु अझ राम्रो हुनेछ।

## दलहरूको सङ्क्षिप्त इतिहास र परिचय

नेपालमा राजनीतिक दलको इतिहास त्यति धेरै पुरानो छैन, अरू देशको तुलनामा। राणा शासनको विरोधमा वि.सं. १९८८ मा खुलेको प्रचण्ड गोर्खा पहिलो राजनीतिक सङ्गठन हो। त्यसपछि वि.सं. १९९४ मा खुलेको प्रजापरिषद दोस्रो राजनीतिक सङ्गठन हो। समयक्रममा यी सङ्गठनको प्रभाव न्यून रह्यो। प्रजापरिषद अझै अस्तित्वमा रहेको छ। तर प्रचण्ड गोर्खा हराएर गयो। यस खण्डमा यो अध्ययनको क्रममा लिइएका विभिन्न राजनीतिक दलहरूको सङ्क्षिप्त परिचय र इतिहास समेटिएको छ।[२]

### *नेपाली काँग्रेस*

नेपाली काँग्रेस (नेका) प्रभावशाली पुरानो राजनीतिक संस्था हो। नागरिक र राजनीतिक अधिकार तथा जनतामा आधारित राजनीतिक विकासका लागि यो राजनीतिक सङ्गठनले ठूलो योगदान गरेको हो २००७ सालमा। यो त्यस बखतको राणा विरोधी आन्दोलनको अभियन्ता थियो। २००७ सालमा मोहन शमशेरसँग सत्ता साझेदारी गरेको नेपाली काँग्रेसले २००८ सालमा आफ्नै नेतृत्वमा सरकार चलायो। २०१५ सालको संसदीय निर्वाचनमा दुई तिहाई बहुमत प्राप्त गरी १७ महिना जननिर्वाचित सरकार चलायो। तर २०१७ पुसमा राजा महेन्द्रले सैनिक बलको आडमा सत्ता आफ्नो हातमा लिएपछि प्रजातन्त्र

---

[२] यहाँ अन्तरिम संसदमा भएका केही मुख्य दलबारे मात्र चर्चा गरिएको छ। यो अध्ययन २०६४ साल साउनमा गरिएको हो। त्यसैले संविधानसभाको निर्वाचनपछि प्रमुख दल बनेका मधेसी जनअधिकार फोरम, तराई मधेस लोकतान्त्रिक पार्टीलाई यो अध्ययनले समेटेको छैन।

पुनर्स्थापनाको आन्दोलन गर्दै यसले कहिले सशस्त्र सङ्घर्ष त कहिले शान्तिपूर्ण सत्याग्रहका कार्यक्रम अगाडि बढायो । २०४६ सालको ऐतिहासिक जनआन्दोलनको नेतृत्व गरी प्रजातन्त्रको पुनर्स्थापना गर्न ठूलो योगदान गर्‍यो । २०४७ सालदेखि २०४८ असारसम्म अन्तरिम सरकारको नेतृत्व, २०४८ देखि २०५१ मङ्सिरसम्म बहुमतको सरकार, २०५२ भदौदेखि २०५३ फागुनसम्म मिलिजुली सरकार, २०५५ सालदेखि विभिन्न व्यक्तिको नेतृत्वमा २०५८ असोजसम्म यसले सरकार चलायो । त्यसपछि २०६१ जेठदेखि २०६१ माघ १९ सम्म यसबाट टुक्रिएको नेपाली काँग्रेस (प्रजातान्त्रिक) ले सरकार चलायो । २०६३ को ऐतिहासिक जनआन्दोलनपछि फेरि यो दलको नेतृत्वमा अन्तरिम सरकार चलेको थियो ।

यो दल विभिन्न समयमा फुट र विभाजनबाट गुज्रिएको छ । २००८ सालमा मातृकाप्रसाद कोइरालाले यसलाई विभाजन गरेका थिए । त्यसपछि बीचमा विभिन्न समयमा फुटेको यो दल २०५९ सालमा फेरि फुट्यो र नेपाली काँग्रेस र नेपाली काँग्रेस (प्रजातान्त्रिक) मा विभाजित भयो । कालान्तरमा दुई काँग्रेस पुनः एक भए । काँग्रेसको औपचारिक राजनीतिक विचारधारा प्रतिस्पर्धात्मक बहुदलीय संसदीय लोकतन्त्र तथा लोकतान्त्रिक समाजवाद रहेको छ । तर व्यवहारमा पश्चिमी पुँजीवादी उदार लोकतन्त्रको अभ्यासरत् छ । यसको आधार धनी, जमिनदार, व्यापारी, उद्योगपति तथा मध्यम वर्गमा रहेको छ । यद्यपि अन्य वर्गका जनता पनि यसप्रति आकर्षित छन् ।

***नेकपा (एमाले)***

कम्युनिस्ट पार्टीको स्थापना २००६ सालमा भएको हो । त्यसपछि विभिन्न आन्दोलनमा संलग्न रहेको यो दल २०१२ देखि दुई वर्ष प्रतिबन्धित रह्यो । २०१५ सालको निर्वाचनमा यसले चार स्थान हासिल गरी तेस्रो ठूलो दल बन्यो । स्थापनाकालदेखि नै कम्युनिस्ट पार्टी विभिन्न समयमा विभिन्न बहाना र कारणले फुट र विभाजनबाट गुज्रिएको छ । विभाजित विभिन्न चिरामध्ये सबैभन्दा ठूलो दल नेकपा (एमाले) हो ।

झापाको नक्सलवादी आन्दोलनपछि त्यसका नेताहरूले २०३५ सालमा नेकपा (माले) को स्थापना गरेका हुन् । २०४६ सालको जनआन्दोलनमा वाममोर्चा निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको तत्कालीन नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच २०४७ माघमा एकीकरण भई नेकपा (एमाले) बन्यो । यसले पहिलो संसदीय निर्वाचन (२०४८) मा ६९ स्थान हासिल गर्‍यो र सशक्त प्रतिपक्षीका रूपमा देखा पर्‍यो । मध्यावधि निर्वाचन (२०५१) मा ८८ स्थान हासिल गरेर सबैभन्दा ठूलो दल

बन्यो र अल्पमतको नौ महिने लोकप्रिय सरकार सञ्चालन गऱ्यो । २०५३ फागुनदेखि २०५४ असोजसम्म राप्रपासँग सरकारमा साझेदारी गऱ्यो । २०५५ सालमा पुनः नेकासँग सत्ता साझेदारी गऱ्यो । २०५६ को निर्वाचनमा प्रतिपक्षी भूमिका पाएको यस दलले २०६१ जेठमा नेका (प्रजातान्त्रिक) सँग आधा प्रतिगमन सच्चिएको भन्दै सत्ता साझेदारी गऱ्यो । यो दल २०६३ को जनआन्दोलनमा सहभागी भएर अन्तरिम संसद र सरकारमा दोस्रो ठूलो दलको हैसियतमा थियो ।

यो दल पनि विभिन्न फुट र विभाजनबाट गुज्रिएको छ । पछिल्लो पटक २०५४ सालमा फुटेको थियो र पछि पुनः एकीकरण भयो । यस दलको राजनीतिक विचारधारा वैज्ञानिक मार्क्सवादी समाजवाद र साम्यवाद हो । प्रयोजनवादी हुँदै यसले बहुदलीय प्रतिस्पर्धा, नागरिक र राजनीतिक अधिकारलाई आत्मसात गरेको छ । अहिले जनताको बहुदलीय जनवादको कार्यनीति लागू गरेको छ । तर व्यवहारमा यसले पश्चिमी पुँजीवादी उदार प्रजातन्त्रलाई स्वीकार गरेको छ । आर्थिक सुधार कार्यक्रमलाई निरन्तरता दिएको छ । यसलाई व्यङ्ग्यात्मक रूपमा दक्षिण एसियामा एक जना पनि कम्युनिस्ट नभएको सबैभन्दा ठूलो कम्युनिस्ट पार्टी भनिन्छ । यसको आधार मजदुर किसान तथा निम्न मध्यम र मध्यम वर्गीय जनता हुन् ।

***नेकपा (माओवादी)***

यो दल कम्युनिस्ट पार्टीमध्येको कान्छो हो । यो सिद्धान्ततः अनुदार कम्युनिस्टहरूको पार्टी हो । यो पार्टीको मोर्चाले २०४८ को संसदीय निर्वाचनमा आठ स्थान हासिल गरेको थियो । फुट र विभाजनका कारण उक्त मोर्चाले २०५१ सालको मध्यावधि निर्वाचनमा भाग लिएन । ४० बुँदे माग राख्दै २०५२ साल फागुनदेखि 'जनयुद्ध' मा सामेल भयो । सशस्त्र विद्रोहका क्रममा यसले समानान्तर सेना र सरकारको स्थापना पनि गऱ्यो । विभिन्न चरणमा विभिन्न सरकारसँग वार्ता पनि गऱ्यो । गणतन्त्र स्थापना र समावेशी राज्य निर्माणका लागि संविधानसभाको निर्वाचन गराउनुपर्ने उसको माग थियो । तर उसको माग पूरा नभएकाले उसले विद्रोह छोडेन । २०६१ माघ १९ मा तत्कालीलन राजा ज्ञानेन्द्रले सैनिक सत्ता पलट गरेपछि संसदवादी राजनीतिक दल र माओवादीबीच १२ बुँदे सहमति भई संयुक्त जनआन्दोलन भयो । यसले ज्ञानेन्द्रलाई भित्तामा पुऱ्यायो । त्यसपछि निर्मित सात दलीय सरकारसँग वार्ता गरी अन्तरिम सरकार र संसदमा सामेल भयो । अन्तरिम सरकारमा यसको स्थान नेकपा (एमाले) बराबर थियो ।

यसको जनमुक्ति सेना संयुक्त राष्ट्रसङ्घको अनुगमन र प्रमाणीकरणका लागि छाउनीमा रहेको छ । सत्तामा रहेको यो दलले असोज १ गते आफ्ना माग पूरा

नगरेको भन्दै सरकार परित्याग गरेको थियो । यो दलको राजनीतिक विचारधारा वैज्ञानिक र उन्नत समाजवाद हुँदै साम्यवादी समाज निर्माण गर्ने हो । तर यसले बुर्जुवा गणतन्त्र स्थापनाका लागि अन्तरिम संविधानमा नागरिक र राजनीतिक अधिकार, प्रतिस्पर्धात्मक लोकतन्त्र र सम्पत्तिको अधिकारलाई स्वीकार गरेको छ । समावेशीकरण तथा सामाजिक अन्तर्विरोधको हल खोज्न सबैभन्दा प्रगतिशील देखिएको छ । तर, यसको अर्धसैनिक संरचना योङ कम्युनिस्ट लिग (वाइसिएल) का हिंसामूलक गतिविधिका कारण विवादमा आउने गरेको छ । त्यस्तैगरी दलको आर्थिक विचारधाराबारे अस्पष्टता रहेको छ । यसको जनाधार मजदुर, किसान, समाजको तल्लो तप्काका दलित, आदिवासी, जनजाति र मधेसी रहेका छन् ।

### *राष्ट्रिय प्रजातन्त्र पार्टी*

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) २०४७ सालमा पञ्चायती व्यवस्थाको अन्तपछि खोलिएको पूर्व पञ्च तथा पुँजीपति र जमिनदारहरूको दल हो । २०४७ सालमा राप्रपा चन्द र राप्रपा थापाका नाममा खुलेका दुई दलबीच एकीकरण भई राप्रपा निर्माण भएको हो । पहिलो संसदीय निर्वाचनमा दुवैको गरी तीन स्थान जितेको राप्रपाले दोस्रो संसदीय निर्वाचनमा २० स्थान जितेको थियो । २०५२ देखि २०५५ सम्ममा यसले पटकपटक सरकारको नेतृत्व गर्न पुग्यो । यो पनि विभिन्न चरणमा फुट र विभाजनबाट गुज्रिएको दल हो । अहिले यो दल नेपाल जनशक्ति पार्टी, राप्रपा नेपाल र राप्रपा गरी तीन खेमामा विभाजित छ । राप्रपा पशुपति शमशेर राणाले नेतृत्व गरेको दल हो । यो अहिलेको अन्तरिम संसदमा प्रतिपक्षी भूमिकामा थियो । यो दलको राजनीतिक विचारधारा प्रजातन्त्र र उदार अर्थतन्त्रको पक्षपाती हो । यो राजावादी दल भनिए पनि संविधानसभा निर्वाचनअघि यसले राजतन्त्र निरपेक्ष रहने फैसला गरेको थियो । यसका आधार जमिनदार तथा पुँजीपति हुन् ।

### *नेपाल सद्भावना पार्टी*

यो दल मूलतः क्षेत्रीय दल हो । यो तराईको राजनीतिमा आधारित छ । मधेसी पहिचान र राजनीतिक सहभागिताका लागि २०४७ पछि गजेन्द्रनारायण सिंहको नेतृत्वमा यो दल खोलिएको हो । स्थापनाकालदेखि नै यो दल सङ्घीय राज्य व्यवस्थाको पक्षधर रहेको थियो । यो दलले पहिलो संसदीय निर्वाचन (२०४८) मा चार स्थान हासिल गरेको थियो । दोस्रो संसदीय निर्वाचनपछि यो विभिन्न गठबन्धन सरकारमा सामेल भयो । यो दलले आफ्नो जनाधार तराईलाई बनाएको

छ । यो तराईका जमिनदार तथा टाठाबाठाको राजनीतिक दल हो । यो दल पनि विभिन्न चरणमा फुट र विभाजनबाट गुज्रिएको छ । फुट्ने, फेरि जुटने क्रम जारी रहेको छ । तत्कालीन राजा ज्ञानेन्द्रको २०५९ असोज १८ को कदमपछि यो विभाजित भयो । एक धारले लोकतान्त्रिक आन्दोलनमा निरन्तर भाग लियो । यो अन्तरिम संसदमा सहभागी थियो । उदार लोकतन्त्र र प्रतिस्पर्धात्मक संसदीय व्यवस्थामा विश्वास गर्ने राजनीतिक दल हो । अहिले यो दल फेरि फुटेको छ ।

## राष्ट्रिय राजनीतिमा जातीय प्रतिनिधित्व

राष्ट्रिय राजनीतिमा जातीय प्रतिनिधित्वको अवस्था असमान देखिन्छ । तालिका १ मा दिइएअनुसार अन्तरिम विधायिकामा खस जातिको ५०.४५ प्रतिशत उपस्थिति रहेको छ । पहाडी आदिवासी जनजातिको करिब १५ प्रतिशत प्रतिनिधित्वको अवस्था छ । मधेसीको प्रतिनिधित्व २२.१८ प्रतिशतले गर्दछन् ।[३] नेवार समुदायले आफ्नो जनसङ्ख्याको औसत प्रतिशतभन्दा केही बढी अर्थात् ७.६० प्रतिशत हिस्सा पाएको छ । सबैभन्दा दुःखद अवस्थामा मुलुकका दलित रहेका छन् । उनीहरूको जनसङ्ख्याको कुल प्रतिशतभन्दा करिब तीन गुणाले कम अर्थात् ४.८६ प्रतिशतको मात्र प्रतिनिधित्व भएको छ ।

**तालिका १: विधि निर्माण तहमा जातीय प्रतिनिधित्व**

| जात/जाति | अन्तरिम संसद २०६३ | प्रतिनिधि सभा २०५६ | राष्ट्रिय सभा २०५६ | प्रतिनिधि सभा २०५१ | प्रतिनिधि सभा २०४८ |
|---|---|---|---|---|---|
| खस (ब्राह्मण/क्षेत्री) | १६६ (५०.४५) | १२६ (६१.४६) | ३५ (५८.३३) | १३१ (६३.९०) | ११७ (५७.०७) |
| जाति/जनजाति | ४९ (१४.८९) | २६ (१२.६८) | ६ (१०) | २५ (१२.१९) | ३२ (१५.६०) |
| मधेसी | ७३ (२२.१८) | ४१ (२०) | ७ (११.६६) | ३८ (१८.५३) | ४१ (२०) |
| नेवार | २५ (७.५९) | १२ (५.८५) | ८ (१३.३३) | ११ (५.३६) | १४ (६.८२) |
| दलित | १६ (४.८६) | - | ४ (६.६६) | - | १ (०.४८) |
| जम्मा | ३२९ (१००) | २०५ (१००) | ६० (१००) | २०५ (१००) | २०५ (१००) |

स्रोतः अन्तरिम संविधान २०६३ र पहिलो, दोस्रो र तेस्रो प्रतिनिधिसभा निर्वाचन परिणाम पुस्तिका २०५६, निर्वाचन आयोग, कोष्ठकमा दिएको अङ्क प्रतिशतमा

यो प्रतिनिधित्वमा सुधार भएको अवस्थाको तस्बिर हो । तेस्रो प्रतिनिधिसभा २०५६ मा जातीय प्रतिनिधित्वको अवस्था अझ नराम्रो थियो । उक्त प्रतिनिधिसभामा

[३] मधेसी समूहमा मधेसी आदिवासी, मधेसी दलित, मुसलमानलगायत मधेसका जातीय सोपानमा रहेका सबैलाई समेटिएको छ ।

६१.४६ प्रतिशत खस जातिको, १२.६८ प्रतिशत जनजातिको, २० प्रतिशत मधेसीको, ५.८५ प्रतिशत नेवारको प्रतिनिधित्व थियो। तर दलितको कुनै प्रतिनिधित्व थिएन। जातीय प्रतिनिधित्वको योभन्दा अझ खराब अवस्था दोस्रो प्रतिनिधि सभा २०५१ मा थियो। त्यसमा निर्वाचितमध्ये खस जाति ६३.९० प्रतिशत, जनजाति १२.१९ प्रतिशत, मधेसी १८.५३ प्रतिशत र नेवार ५.३६ प्रतिशत थिए। उक्त निर्वाचनमा पनि दलितको कुनै प्रतिनिधित्व भएको थिएन। प्रथम प्रतिनिधिसभा २०४८ मा खस जाति ५७ प्रतिशत, मधेसी २० प्रतिशत, जनजाति १५.६० प्रतिशत, नेवार ६.८२ प्रतिशत थिए भने दलितको प्रतिनिधित्व मात्र एक जनाले गरेका थिए।

बहुमतीय निर्वाचन प्रणालीमा अल्पसङ्ख्यक जातिको प्रतिनिधित्व सुनिश्चित नहुने भएकाले उक्त समूहको प्रतिनिधित्व गर्न गठन गरिएको राष्ट्रियसभामा समेत सन्तुलित प्रतिनिधित्व हुन सकेन। २०५८ सालमा भएको राष्ट्रियसभाको निर्वाचनको पछिल्लो परिणाममा ५८.३३ प्रतिशत सिटमा खस जाति थिए भने जनजातिले १० प्रतिशत सिट पाएका थिए। मधेसी र नेवार समुदायको हिस्सा उक्त राष्ट्रियसभामा क्रमशः ११.१६ र १३.३३ प्रतिशत थियो। दलितको कुल जनसङ्ख्याको आधा अनुपातमा प्रतिनिधित्व भएको थियो। उक्त राष्ट्रियसभाका सदस्यमध्ये ६.६६ प्रतिशत जना मात्र दलित समुदायका थिए।

त्यसैगरी स्थानीय निकायमा रहेको जातीय सहभागिता पनि सन्तुलित देखिँदैन। स्थानीय निकाय निर्वाचन २०५४ मा महानगर, उपमहानगर र नगरपालिका गरी कुल ५८ निकायको प्रमुख तथा उपप्रमुखको निर्वाचन परिणाम पनि संसदसँग मिल्दोजुल्दो नै देखिन्छ। कुल स्थानीय प्रतिनिधित्वको ४९.१३ प्रतिशत खस जातिले ओगटेका छन्। जनजाति समुदायको ८.६२ प्रतिशत, मधेसीको २०.६८ प्रतिशत, नेवार समुदायको २१.५५ प्रतिशत प्रतिनिधित्व भएको छ। अर्कोतर्फ दलित समुदायको कुनै सहभागिता देखिएको छैन।

जिल्ला विकास समितिको सभापति तथा उपसभापति पदको प्रतिनिधित्वको अवस्था तालिका २ मा देखाइएको छ जसअनुसार २०४९ को निर्वाचनमा खस जाति क्रमशः ६१.३३ र ५२ प्रतिशत स्थानमा थिए। २०५४ मा यो क्रमशः ६८ र ६१.३३ प्रतिशत थियो।

स्थानीय निकायको २०४९ को निर्वाचनमा जिल्ला विकास समिति सभापति र उपसभापति पदमा विजयीमध्ये क्रमशः १८.६६ र २९.३३ प्रतिशत जनजाति समुदायका थिए। २०५४ को स्थानीय निर्वाचनमा यो समुदायको प्रतिनिधित्व अझ कम हुन पुग्यो। यस निर्वाचनमा सभापतिमा १४.६६ प्रतिशत र उपसभापतिमा

**तालिका २: जिल्ला विकास सभापति र उपसभापतिमा जातिगत प्रतिनिधित्व**

| जात/जाति | सभापति २०४९ | उप-सभापति २०४९ | सभापति २०५४ | उप-सभापति २०५४ | नपा (प्रमुख/ उपप्रमुख)२०५४ |
|---|---|---|---|---|---|
| खस (ब्राह्मण/क्षेत्री) | ४६ (६१.३३) | ३९ (५२) | ५१ (६८) | ४६ (६१.३३) | ५७ (४९.१३) |
| जनजाति | १४ (१८.६६) | २२ (२९.३३) | ११ (१४.६६) | १२ (१६) | १० (८.६२) |
| मधेसी | १० (१३.३३) | ११ (१४.६६) | १० (१३.३३) | १२ (१६) | २४ (२०.६८) |
| नेवार | ४ (५.३३) | ३ (४) | ३ (४) | ५ (६.६६) | २५ (२१.५५) |
| दलित | १ (१.३३) | - | - | - | - |
| जम्मा | ७५ (१००) | ७५ (१००) | ७५ (१००) | ७५ (१००) | ११६ (१००) |

स्रोतः प्रथम र द्वितीय स्थानीय निकाय निर्वाचन परिमाण पुस्तिका २०५४, निर्वाचन आयोग, कोष्ठकमा दिएको अङ्क प्रतिशतमा

१६ प्रतिशत जनजाति निर्वाचित भएका थिए । कुल जनसङ्ख्याको अनुपातमा यो उपस्थिति अत्यन्तै कम हो ।

जिल्ला विकास समितिको २०४९ को निर्वाचनमा मधेसी समुदायका सभापति र उपसभापति क्रमशः १३.३३ र १४.६६ प्रतिशत थिए भने २०५४ मा यस समुदायका सभापति र उपसभापति क्रमशः १३.३३ र १६ प्रतिशत थिए । यो पनि मधेसी जनसङ्ख्याको अनुपातमा निकै कम प्रतिनिधित्वको अवस्था हो । २०४९ मा नेवार समुदायका सभापति र उपसभापति क्रमशः ५.३३ र चार प्रतिशत थिए भने २०५४ मा क्रमशः चार र ६.६६ प्रतिशत थिए । जनसङ्ख्याको दृष्टिकोणले नेवारको यो प्रतिनिधित्व सन्तुलित हो । प्रतिनिधित्वको दृष्टिकोणले दलित अति नै कमजोर अवस्थामा थियो । उक्त समुदायबाट २०४९ को जिल्ला विकास समितिको निर्वाचनपछि उदयपुरबाट मात्र एक दलित सभापति बनेका थिए ।

## दलगत स्तरमा जातीय समावेशीकरणको अवस्था

### *'उच्च' जाति*

राजनीतिक प्रक्रियामा कथित उच्च खस जातिको पूर्ण एकाधिकारकै अवस्था रहेको तथ्याङ्कहरूले देखाएका छन् । तालिका ३ मा राजनीतिक दलहरूको वर्तमान केन्द्रीय नेतृत्वमा भएको जातीय विविधताको आँकडा प्रस्तुत गरिएको छ जसअनुसार नेपाली काँग्रेस केन्द्रीय समितिमा ६७.५६ प्रतिशत, नेकपा (एमाले) मा ७४.५७ प्रतिशत, नेकपा (माओवादी) मा ७१.४२ प्रतिशत, नेपाली काँग्रेस (प्रजातान्त्रिक) मा ६०.७१ प्रतिशत र राप्रपामा ५१.५१ प्रतिशत हिस्सा क्षेत्री/बाहुन अर्थात् खस सम्प्रदायले ओगटेका छन् । एक तिहाई जनसङ्ख्या भएको यो जातले दुई तिहाईभन्दा बढी पद ओगटेको छ । सर्वहाराको राजनीति गर्ने माओवादी,

एमालेदेखि लोकतान्त्रिक समाजवादको राजनीति गर्ने नेपाली काँग्रेससम्म सबै पार्टीमा 'उच्च' जातको एकल वर्चश्व रहेको छ । बरु दक्षिणपन्थी भनेर गाली गर्ने गरिएको राप्रपामा यसको सहभागिता अरूको भन्दा कम अर्थात् ५१ प्रतिशत रहेको छ । समावेशीकरण र सहभागितामूलक लोकतन्त्रको दुहाइ दिने दलहरूमा समावेशीकरण नारामा मात्र सीमित देखिन्छ । उच्च जातको बाहुल्य भएको दलमा नेकपा (एमाले) सबैभन्दा माथि रहेको छ । सर्वहारा वर्गीय राजनीतिको पक्षधर एमालेको नेतृत्व सम्पूर्ण रूपमा जमिनदार तथा मध्यम वर्ग उच्च जातको रहेको छ । अर्कोतर्फ दुवै नेपाली काँग्रेसको नेतृत्वमा पुँजीपति वर्ग तथा जमिनदारहरूको बाहुल्य रहेको छ ।

**तालिका ३: राजनीतिक दलहरूको केन्द्रीय कार्यसमितिमा जातिगत सहभागिताको अवस्था**

| जात/जाति | नेपाली काँग्रेस | नेकपा (एमाले) | नेकपा (माओवादी) | नेपाली काँग्रेस (प्रजातान्त्रिक) | राप्रपा | सद्भावना |
|---|---|---|---|---|---|---|
| खस (ब्राह्मण/क्षेत्री) | २५ (६७.५६) | ४४ (७४.५७) | २५ (७१.४२) | १७ (६०.७१) | १७ (५१.५१) | १ (२.०४) |
| जनजाति | ४ (१०.८१) | ७ (११.४६) | ६ (१७.१४) | ३ (१०.७१) | ६ (१८.१८) | - |
| मधेसी | ४ (१०.८१) | २ (३.३८) | १ (२.८५) | ४ (१४.२८) | ७ (२१.२१) | ४८ (९७.९६) |
| दलित | १ (२.७०) | १ (१.६९) | १ (२.८५) | १ (३.५७) | - | - |
| नेवार | ३ (८.१०) | ५ (८.५) | २ (५.७१) | ३ (१०.७१) | ३ (९.०९) | - |
| जम्मा | ३७ (१००) | ५९ (१००) | ३५ (१००) | २८ (१००) | ३३ (१००) | ४९ (१००) |

स्रोत: स्थलगत अध्ययनका क्रममा सम्बन्धित दलको कार्यालयबाट प्राप्त विवरणको आधारमा, कोष्ठकमा दिएको अङ्क प्रतिशतमा

तालिका ४ मा अन्तरिम संसदमा दलीय प्रतिनिधित्वको जातीय स्थिति देखाइएको छ । अन्तरिम व्यवस्थापिका संसदमा भएको जातीय प्रतिनिधित्वको तस्बिर पनि राजनीतिक दलको नेतृत्वको जस्तै देखिन्छ । व्यवस्थापिका संसदमा आ-आफ्नो कुल प्रतिनिधित्वमध्ये नेपाली काँग्रेसबाट ६४.७० प्रतिशत, नेकपा (एमाले) बाट ५७.८३ प्रतिशत, नेकपा (माओवादी) बाट २६.५० प्रतिशत, नेपाली काँग्रेस (प्रजातान्त्रिक) बाट ६१.५३ प्रतिशत र राप्रपाबाट ६० प्रतिशत प्रतिनिधित्व क्षेत्री/बाहुन अर्थात् खस जातिको थियो । अरू दलले भन्दा नेकपा (माओवादी) ले अन्तरिम संसदमा प्रतिनिधित्व गराउँदा जातीय सन्तुलनमा ध्यान पुर्‍याएको देखिन्छ । यसले खस जातिको कुल जनसङ्ख्यामा करिब ३२ प्रतिशत हिस्सा रहे पनि २६.५० प्रतिशतलाई मात्र सांसद बनायो । दुवै काँग्रेस, एमाले र राप्रपाको अधिकांश प्रतिनिधित्व खस जातिबाटै भएको पाइन्छ । माओवादीले आफ्ना

विधायक अन्य दलभन्दा दुई दिनअघि घोषणा गरेको थियो र अरू दललाई समावेशीकरणको लागि उत्प्रेरणा दिएको थियो। तर अन्य दलले समावेशी ढङ्गबाट प्रतिनिधित्व गराउने अवसरलाई पूर्णतया बेवास्ता गर्दै उनै 'उच्च' जातका व्यक्तिलाई अन्तरिम विधायिका संसदमा मनोनयन गरे।

**तालिका ४: अन्तरिम संसदमा दलगत जातीय स्थिति**

| जात/जाति | नेपाली काँग्रेस | नेकपा (एमाले) | नेकपा (माओवादी) | नेपाली काँग्रेस (प्रजातान्त्रिक) | राप्रपा | सद्भावना |
|---|---|---|---|---|---|---|
| खस (ब्राह्मण/क्षेत्री) | ५५ (६४.७०) | ४८ (५७.८३) | २२ (२६.५०) | ३२ (६१.५३) | ३ (६०) | - |
| जनजाति | ८ (९.४१) | १६ (१९.२७) | १८ (२१.६८) | ५ (९.६१) | - | - |
| मधेसी | १६ (१८.८२) | १२ (१४.४५) | २३ (२७.७१) | १२ (२३.०७) | २ (४०) | ५ (१००) |
| दलित | १ (१.१७) | २ (२.४१) | १२ (१४.४५) | - | - | - |
| नेवार | ५ (५.८८) | ५ (६.०२) | ८ (९.६३) | ३ (५.७६) | - | - |
| जम्मा | ८५ (१००) | ८३ (१००) | ८३ (१००) | ५२ (१००) | ५ (१००) | ५ (१००) |

स्रोत: अन्तरिम संविधान २०६३ मा अनुसूचित विधायकहरूको नामावली, कोष्ठकमा दिएको अङ्क प्रतिशतमा

समावेशीकरण र सहभागितामूलक प्रतिनिधित्वको आवाज चौतर्फी रूपमा उठिरहेको यस्तो अवस्थामा समेत व्यवस्थापिका संसदमा जातीय प्रतिनिधित्वको विविधता असन्तुलित भयो भने विगतमा प्रतिनिधित्वको स्तर कमजोर हुनु स्वाभाविकै थियो। तालिका ५ मा प्रस्तुत तेस्रो प्रतिनिधिसभा निर्वाचन २०५६ को परिणामलाई विश्लेषण गर्दा जातीय प्रतिनिधित्वको नराम्रो तस्बिर अगाडि देखिन्छ। यस निर्वाचनमा आ-आफ्नो दलका कुल प्रतिनिधिमध्ये नेपाली काँग्रेसका ६५.४८ प्रतिशत, नेकपा (एमाले) का ६०.८६ प्रतिशत, राप्रपाका ३६.३६ प्रतिशत, नेपाल सद्भावना पार्टीका २० प्रतिशत र बाँकी सबै दल र निर्दलीय निर्वाचित विधायकका ७१.४२ प्रतिशत सदस्य खस समुदायबाट थिए।

तालिका ५ अनुसार २०५६ को प्रतिनिधिसभाको निर्वाचन परिणाममा दक्षिणपन्थी भनिएको राप्रपाबाहेक सबैमा दुई तिहाई प्रतिनिधित्व खस जातिबाट भएको थियो।

त्योभन्दा अगाडिको दोस्रो प्रतिनिधिसभाको निर्वाचन परिणाममा के थियो ? अब यसबारे चर्चा गरौं। तालिका ६ मा प्रस्तुत दोस्रो प्रतिनिधिसभा निर्वाचन २०५१ को परिणाम हेर्दा अगाडिकै प्रतिनिधिसभाको परिणामसँग मिल्दोजुल्दो देखिन्छ। उक्त निर्वाचनमा नेपाली काँग्रेस, नेकपा (एमाले) र राप्रपाका क्रमशः ६८.६७, ६४.७७ र ५५ प्रतिशत ब्राह्मण/क्षेत्री विजयी भए भने अन्य दल एवं

**तालिका ५: तेस्रो प्रतिनिधिसभा २०५६ मा दलगत जातीय स्थिति**

| जात/जाति | नेपाली काँग्रेस | नेकपा (एमाले) | राप्रपा | सद्भावना | अन्य |
|---|---|---|---|---|---|
| खस (ब्राह्मण/क्षेत्री) | ७४ (६५.४८) | ४२ (६०.८६) | ४ (३६.३६) | १ (२०) | ५ (७१.४२) |
| जनजाति | ११ (९.७३) | १३ (१८.८४) | १ (९.०९) | - | १ (१४.२८) |
| मधेसी | २३ (२०.३५) | १० (१४.४९) | ४ (३६.३६) | ४ (८०) | - |
| दलित | - | - | - | - | - |
| नेवार | ५ (४.४२) | ४ (५.७९) | २ (१८.१८) | - | १ (१४.२८) |
| जम्मा | ११३ (१००) | ६९ (१००) | ११ (१००) | ५ (१००) | ७ (१००) |

स्रोत: निर्वाचन परिणाम पुस्तिका २०५६, निर्वाचन आयोग, कोष्ठकमा दिएको अङ्क प्रतिशतमा (नोट: उपनिर्वाचनमा झापा क्षेत्र नं. ६, मोरङ क्षेत्र नं. १ र रौतहट क्षेत्र नं. १ को उपनिर्वाचनको परिणामलाई मिलान गरिएको ।)

स्वतन्त्रतर्फबाट जित्नेमा पनि ५४.५४ प्रतिशत ब्राह्मण/क्षेत्री नै थिए । यस निर्वाचन परिणाममा पनि एमाले र नेपाली काँग्रेसको प्रतिनिधित्वमा उच्च जातको दुई तिहाई हालिमुहाली देखिन्छ । एक तिहाईभन्दा कम जनसङ्ख्या रहेको यो जात समूहले दुई तिहाईभन्दा बढी सिट कब्जा गर्नु न्यायसङ्गत होइन ।

पहिलो प्रतिनिधिसभा २०४८ मा यस्तो जातीय असन्तुलन अझ बढी रहेको तालिका ७ मा देख्न सकिन्छ (हेर्नुहोस् पृ. २७) । त्यस प्रतिनिधिसभामा नेपाली काँग्रेसको कुल प्रतिनिधित्वमा खस जातिको हिस्सा ६४.५४ प्रतिशत रहेको थियो । यसबाट प्रस्ट हुन्छ नेपाली काँग्रेसमा पन्ध्र वर्षको अवधिमा समावेशीकरणबारे कुनै चिन्तन विकास भएन । पहिलो प्रतिनिधिसभामा नेकपा (एमाले) मा यो जातको सबैभन्दा कम अर्थात् ५५.४ प्रतिशत प्रतिनिधित्व रहेको थियो । यो उसको 'उच्च' जात सबैभन्दा कम भएको अवस्था हो । यो निर्वाचनमा विजयी राप्रपाका सबै व्यक्ति खस जातिका थिए भने साना दल र स्वतन्त्र विजयीमध्ये २५ प्रतिशत खस थिए ।

स्थानीय निकायका दुवै निर्वाचन परिणाममा पनि खस जातिको हिस्सेदारी अधिक पाइन्छ । तालिका ८ मा स्थानीय निकायको निर्वाचन २०५४ मा दलगत जातीय प्रतिनिधित्व प्रस्तुत गरिएको छ (हेर्नुहोस् पृ. ३०) । उक्त निर्वाचनमा खस जातिबाट नेपाली काँग्रेसको कुल निर्वाचित सभापतिमध्ये ६१.५३ प्रतिशत, एमालेबाट ७२ प्रतिशत, राप्रपाबाट ७५ प्रतिशत र स्वतन्त्र र साना दलबाट निर्वाचितमध्ये ६६.६६ प्रतिशत निर्वाचित भएका छन् ।

त्यस्तै सोही निर्वाचनको उपसभापतिमा नेपाली काँग्रेसका कुल निर्वाचितमध्ये ७१.४२ प्रतिशत, एमालेबाट कुल निर्वाचितमध्ये ६८.७५ प्रतिशत र राप्रपाबाट

निर्वाचितमध्ये ४० प्रतिशत र निर्दलीय वा साना दलबाट निर्वाचितमध्ये ५० प्रतिशत हिस्सा खस जातिले ओगटेको पाइन्छ ।

स्थानीय निकाय निर्वाचन २०४९ को परिणाम झल्काउने तालिका ९ ले पनि त्यस्तै कथा भन्छ (हेर्नुहोस् पृ. ३२) । २०४९ को स्थानीय निर्वाचनमा आ-आफ्ना दलबाट निर्वाचित जिल्ला सभापतिहरूमध्ये नेपाली काँग्रेसबाट ६३.७९ प्रतिशत, नेकपा एमालेबाट ५० प्रतिशत, राप्रपाबाट २५ प्रतिशत खस जातिका थिए । त्यसैगरी अन्य साना र निर्दलीय निर्वाचित सभापतिहरूमध्ये ८० प्रतिशत यस जातिका थिए। जिल्ला विकास समितिको उपसभापतिमा विजयी कुल खसमध्ये ५४.९० प्रतिशत नेपाली काँग्रेसबाट, ५८.३३ प्रतिशत एमालेबाट, ५० प्रतिशत राप्रपाबाट र ३३.३३ प्रतिशत अन्य साना दल र निर्दलीय थिए ।

बाहुन, क्षेत्री, ठकुरी र सन्यासी समुदाय अर्थात् समष्टिमा खस जातिले मुलुकको कुल जनसङ्ख्याको ३१ प्रतिशत मात्र हिस्सा ओगटेको छ । तर जुनसुकै समयमा पनि यस जातिको सबै दलमा करिबकरिब दुई तिहाई सहभागिता रहेको छ । यसको पछाडि अनेक कारण छन् । पहिलो कारण यो जात लामो समयसम्म जुनसुकै राजनीतिक व्यवस्था भए पनि सत्तारुढ वर्गकै रूपमा रह्यो र सत्तारुढ वर्गसँग नजिक रह्यो। अनि, शिक्षाको अवसर तथा विश्वसँगको नेपालको सम्बन्धको अवसरबाट लाभ लिए । अर्को महत्त्वपूर्ण कुरा, यो जातिलाई राज्यले संरक्षण गर्‍यो । तेस्रो कुरा, यो जातिका मानिसलाई भाषा तथा सांस्कृतिक हिसाबले सजिलो थियो । तीन स अर्थात् शक्ति, सान र सम्पति (पावर, प्रेस्टिज र प्रपर्टी) ले कुनै पनि विषयमा फरक अवसरको सिर्जना गर्दछ । राज्यसँगको पहुँचले यो वर्गलाई सहयोग गरी नै रह्यो ।

### *जनजाति*

विभिन्न समयमा सत्तामा र विपक्षमा रहेका दलहरूको केन्द्रीय समितिमा जनजाति समुदायको कस्तो सहभागिता छ ? यो सर्वाधिक चासोको विषय हो । समावेशीकरण र सहभागितामा जोड दिने भनिए पनि राजनीतिक दलका नेताहरूले त्यसलाई पूरा गर्न सकेका छैनन् भन्ने आरोप जनजाति समुदायले लगाउने गरेको पाइन्छ ।

राजनीतिक दलको नेतृत्वको अवस्था हेर्दा (तालिका ३) नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी), नेपाली काँग्रेस (प्रजातान्त्रिक) र राप्रपाको नेतृत्व तहमा क्रमशः १०.८१, ११.४६, १७.१४, १०.७१ र १८.१८ प्रतिशत रहेको छ । यसबाट के देखिन्छ भने आफ्नो दलको विधि निर्माण गर्ने तहमा माओवादी र राप्रपाले बढी आदिवासी जनजातिलाई समावेश गर्ने प्रयत्न गरेका छन् ।

अन्तरिम विधायिका संसदमा जनजातिको प्रतिनिधित्वको अवस्था हेर्दा (तालिका ४) नेपाली काँग्रेसबाट अन्तरिम संसदमा प्रतिनिधित्व गर्नेमध्ये ९.४१ प्रतिशत जनजाति समुदायका थिए। नेकपा (एमाले) बाट काँग्रेसको भन्दा दोब्बर अर्थात् १९.२७ प्रतिशत जनजाति उक्त संसदमा थिए। नेकपा (माओवादी) बाट सबैभन्दा बढी जनजातिको प्रतिनिधित्व भएको थियो। यसबाट प्रतिनिधित्व गर्ने कुल सदस्यमध्ये २१.६८ प्रतिशत र नेपाली काँग्रेस (प्रजातान्त्रिक) का कुल सदस्यमध्ये ९.६१ प्रतिशत जनजाति थिए। यसमा नेकपा (माओवादी) ले जनसङ्ख्याको समानुपातिक दरमा जनजातिको प्रतिनिधित्व गराउन सफल भएको देखिन्छ। नेकपा (एमाले) को पनि लगभग समानुपातिक अवस्था रहेको छ। तर बाँकी दलमा जनसङ्ख्याको अनुपातभन्दा निकै कम जनजातिले अवसर पाए।

विगतमा समावेशीकरणको चर्चा राजनीतिक विमर्शको केन्द्रीयतामा नभएको अवस्था थियो। २०५६ को तेस्रो प्रतिनिधिसभाको बनोटको (तालिका ५) चर्चा गर्ने हो भने नेपाली काँग्रेसबाट प्रतिनिधित्व गरेकामध्ये ९.७३ प्रतिशत, नेकपा (एमाले) बाट प्रतिनिधित्व गर्नेमध्ये १८.८४ प्रतिशत, राप्रपाबाट प्रतिनिधित्व गर्नेमध्ये ९.०९ प्रतिशत र साना दलको र निर्दलीय प्रतिनिधित्वमध्ये १४.२८ प्रतिशत हिस्सा जनजातिले पाएको देखिन्छ। नेपाली काँग्रेसको तुलनामा त्यस अवस्थामा पनि नेकपा (एमाले) को तर्फबाट यो जातीय समुदायको सन्तोषजनक प्रतिनिधित्व भएको मान्नुपर्छ।

त्यसैगरी २०५१ सालको दोस्रो प्रतिनिधिसभाको निर्वाचन परिणाम (तालिका ६) हेर्दा आ-आफ्ना कुल प्रतिनिधिमध्ये नेपाली काँग्रेस, नेकपा (एमाले) र राप्रपाबाट क्रमशः ८.४३, १४.७७ र १५ प्रतिशत जनजाति थिए। त्यसैगरी अन्य साना दलका र निर्दलीय प्रतिनिधित्व भएकामध्ये १८.१८ प्रतिशत जनजाति थिए। त्यो समयमा पनि जातीय जनसङ्ख्याको हिसाबले एक तिहाईभन्दा कम भए पनि एमालेमा जनजातिबाट ठीकै प्रतिनिधित्व थियो। साना दलमा भने करिबकरिब समानुपातिक प्रतिनिधित्व भएको थियो।

२०४८ को प्रतिनिधिसभाको निर्वाचन परिमाण प्रस्तुत गरिएको तालिका ७ ले नेपाली काँग्रेसबाट प्रतिनिधित्व गरेका कुल सदस्यमध्ये ७.२७ प्रतिशत मात्रै जनजाति भएको देखाउँछ। नेकपा (एमाले) बाट निर्वाचितमध्ये २४.६३ प्रतिशत जनजाति थिए। अन्य साना दलमार्फत र स्वतन्त्र रूपमा प्रतिनिधित्व गरेकामध्ये ४३.७५ प्रतिशत जनजाति थिए। पहिलो प्रतिनिधिसभामा नेकपा (एमाले) ले समानुपातिक प्रतिनिधित्व गराएको थियो। त्यस्तै साना दल तथा स्वतन्त्रहरूमा करिबकरिब ५० प्रतिशत सिट यो समुदायको हातमा रहेको थियो।

**तालिका ६: दोस्रो प्रतिनिधिसभा २०५१ मा दलगत जातीय स्थिति**

| जात/जाति | नेपाली काँग्रेस | नेकपा (एमाले) | राप्रपा | सद्भावना | अन्य |
|---|---|---|---|---|---|
| खस (ब्राह्मण/क्षेत्री) | ५७ (६८.६७) | ५७ (६४.७७) | ११ (५५) | - | ६ (५४.५४) |
| जनजाति | ७ (८.४३) | १३ (१४.७७) | ३ (१५) | - | २ (१८.१८) |
| मधेसी | १८ (२१.६८) | १० (११.३६) | ६ (३०) | ३ (१००) | १ (९.०९) |
| दलित | - | - | - | - | - |
| नेवार | १ (१.२०) | ८ (९.०९) | - | - | २ (१८.१८) |
| जम्मा | ८३ (१००) | ८८ (१००) | २० (१००) | ३ (१००) | ११ (१००) |

स्रोतः निर्वाचन परिणाम पुस्तिका २०५१, निर्वाचन आयोग, कोष्ठकमा दिएको अङ्क प्रतिशतमा

यसबाट संसदमा जनजातिको प्रतिनिधित्व जनसङ्ख्याको अनुपातभन्दा कम भएको पुष्टि हुन्छ । यस्तो अवस्था स्थानीय निकायमा पनि देखिन्छ । स्थानीय निर्वाचन २०४९ र स्थानीय निर्वाचन २०५४ को परिणाम (तालिका ८ र ९) को विश्लेषण गर्दा पनि उनीहरूको सहभागिता सन्तोषजनक रहेको तस्बिर देखिन्न । स्थानीय निकाय निर्वाचन २०५४ मा एमालेबाट कुल निर्वाचित जिल्ला विकास समितिका सभापतिहरूमध्ये १२ प्रतिशत, नेपाली काँग्रेसबाट प्रतिनिधित्व भएको कुल सङ्ख्याको २३.०७ प्रतिशत र अन्य साना दलबाट एवं निर्दलीयबाट ३३.३३ प्रतिशत सभापति यस समुदायबाट निर्वाचित भएका थिए । सोही स्थानीय निर्वाचनको उपसभापति पदमा नेपाली काँग्रेसबाट निर्वाचित कुलमध्ये २८.५७ प्रतिशत, एमालेबाट निर्वाचितमध्ये १६.६६ प्रतिशत र राप्रपाबाट निर्वाचितमध्ये २० प्रतिशत जनजाति रहेको देखिन्छ । राष्ट्रिय निर्वाचनभन्दा स्थानीय निर्वाचनमा अलि फरक तस्बिर देख्न सकिन्छ । उपसभापति पदमा सभापति पदमा भन्दा अलि बढी प्रतिनिधित्व भएको देखिन्छ ।

स्थानीय निकाय निर्वाचन २०४९ मा नेपाली काँग्रेसबाट निर्वाचित कुल सभापतिमध्ये १५.५१ प्रतिशत, एमालेबाट निर्वाचित भएमध्ये ३७.५ प्रतिशत र राप्रपाबाट निर्वाचित भएमध्ये ५० प्रतिशत सभापति जनजाति थिए । यसबाट के स्पष्ट हुन्छ भने स्थानीय निर्वाचनमा स्थानीय राजनीतिक सम्बन्धको कारण केही सन्तुलित प्रतिनिधित्व भएको पाइन्छ ।

सबै समय राजनीतिक र विधि निर्माणको सबै तहमा सामान्यतया यो जातिको कम समानुपातिक प्रतिनिधित्व रहेको पाइन्छ । यो जातीय समूहको माओवादीको राजनीतिक तथा विधि निर्माणको तहमा अरू दलमा भन्दा तुलनात्मक राम्रो अवस्था रहेको छ । नेपाली काँग्रेसको सबै समय र तहमा सबैभन्दा नराम्रो प्रतिनिधित्व रहेको छ । एमालेमा पहिलो प्रतिनिधिसभापछि यो समुदायको प्रतिनिधित्व घटेको देखिन्छ ।

***नेवार***

नेवार समुदाय मुलुकको मानव विकासका दृष्टिकोणले विकसित समुदाय हो। देशको कुल जनसङ्ख्याको ५.८ प्रतिशत हिस्सा यो समुदायको रहेको छ। यो औसतमा गरिबीको रेखामुनि कम जनसङ्ख्या भएको जातीय समूह हो। मुलुकका ठूला राजनीतिक दलमा यस समुदायको कस्तो प्रतिनिधित्व छ भन्नेबारे तालिका ३ मा देखाइएको छ। नेपाली काँग्रेसमा ८.१० प्रतिशत, नेकपा (एमाले) मा ८.५ प्रतिशत, नेकपा (माओवादी) मा ५.७१ प्रतिशत, नेपाली काँग्रेस (प्रजातान्त्रिक) मा १०.७१ प्रतिशत र राप्रपामा ९.०९ प्रतिशत केन्द्रीय सदस्य नेवार समुदायका छन्। जनसङ्ख्याको अनुपातमा नेकपा (माओवादी) बाहेक नेवार समुदायको केन्द्रीय नेतृत्व तहमा उच्च सहभागिता छ।

विधि निर्माणको तहमा यो समुदायको प्रतिनिधित्वको अवस्था कस्तो रहेको होला त ? स्वाभाविक जिज्ञासा रहन्छ नै। तालिका ४ मा दिइएको अन्तरिम व्यवस्थापिका संसदको आँकडालाई हेर्दा नेवार समुदायको प्रतिनिधित्वको तस्बिर यसको वास्तविक जनसङ्ख्यासँग समानुपातिक नै देखिन्छ। आ-आफ्ना विधायकमध्ये नेपाली काँग्रेसका ५.८८ प्रतिशत, नेकपा (एमाले) का ६.०२ प्रतिशत, नेकपा (माओवादी) का ९.६३ प्रतिशत, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का ५.७६ प्रतिशत विधायक नेवार समुदायका थिए। अन्तरिम विधायिकामा यसको उपस्थिति जनसङ्ख्याको अनुपातभन्दा केही बढी थियो। यसमा नेकपा (माओवादी) बाट सबैभन्दा बढी नेवारले प्रतिनिधित्व गरेका थिए। सबै दलबाट यस जातिको वास्तविक जनसङ्ख्याको अनुपातमा केही बढी प्रतिनिधित्व भएको थियो।

तेस्रो प्रतिनिधिसभा निर्वाचन २०५६ मा नेपाली काँग्रेसबाट निर्वाचितमध्ये ४.४२ प्रतिशत, नेकपा (एमाले) बाट निर्वाचितमध्ये ५.७९ प्रतिशत, राप्रपाबाट निर्वाचित भएमध्ये १८.१८ प्रतिशत र अन्य स्वतन्त्र एवं निर्दलीय उम्मेदवारमध्येबाट निर्वाचित भएकोमा १४.२८ प्रतिशत नेवार समुदायका थिए (तालिका ५)। २०५१ सालको दोस्रो प्रतिनिधि सभाको निर्वाचन परिणाम (तालिका ६) हेर्दा नेपाली काँग्रेसबाट निर्वाचितमध्ये १.२० प्रतिशत, एमालेबाट निर्वाचितमध्ये ९.०९ प्रतिशत र स्वतन्त्र एवं साना दलबाट निर्वाचितमध्ये १८.१८ प्रतिशत सदस्य नेवार समुदायका थिए।

त्यसैगरी पहिलो प्रतिनिधि सभा निर्वाचन २०४८ को परिणाम (तालिका ७) हेर्दा नेपाली काँग्रेसबाट निर्वाचितमध्ये ४.५४ प्रतिशत, एमालेबाट निर्वाचितमध्ये ८.६९ प्रतिशत र अन्य साना राजनीतिक दल एवं निर्दलीय उम्मेदवारमध्ये १८.७५ प्रतिशत नेवार थिए। स्थानीय निर्वाचनको जिल्ला विकास समितिको परिणाममा

**तालिका ७: पहिलो प्रतिनिधिसभा २०४८ मा दलगत जातीय स्थिति**

| जात/जाति | नेपाली काँग्रेस | नेकपा (एमाले) | राप्रपा | सद्भावना | अन्य |
|---|---|---|---|---|---|
| खस (ब्राह्मण/क्षेत्री) | ७१ (६४.५४) | ३८ (५५.४) | ४ (१००) | - | ४ (२५) |
| जनजाति | ८ (७.२७) | १७ (२४.६३) | - | - | ७ (४३.७५) |
| मधेसी | २५ (२२.७२) | ८ (११.५९) | - | ६ (१००) | २ (१२.५) |
| दलित | १ (०.९०) | - | - | - | - |
| नेवार | ५ (४.५४) | ६ (८.६९) | - | - | ३ (१८.७५) |
| जम्मा | ११० (१००) | ६९ (१००) | ४ (१००) | ६ (१००) | १६ (१००) |

स्रोतः निर्वाचन परिणाम पुस्तिका २०४८, निर्वाचन आयोग, कोष्ठकमा दिएको अङ्क प्रतिशतमा

नेवार समुदायको प्रतिनिधित्वको अवस्था तालिका ८ र ९ मा देखाइएको छ। नेपाली काँग्रेसबाट २०५४ सालको निर्वाचनमा निर्वाचित भएका कुल जिल्ला सभापतिमध्ये ७.६९ प्रतिशत र एमालेबाट कुल निर्वाचित जिल्ला सभापतिमध्ये चार प्रतिशत नेवार समुदायबाट थिए। त्यस्तै उपसभापतिमा आफ्ना दलबाट निर्वाचितमध्ये नेपाली काँग्रेसबाट शून्य, एमालेबाट ४.१६ प्रतिशत र राप्रपाबाट १० प्रतिशत नेवार जातिका व्यक्ति थिए। २०४९ मा नेपाली काँग्रेसबाट निर्वाचित कुल जिल्ला सभापतिमध्ये नेवार समुदायबाट ५.१७ प्रतिशत थिए। साना राजनीतिक दलबाट निर्वाचित र स्वतन्त्रमध्ये २० प्रतिशत नेवार थिए। त्यस्तै, उपसभापति पदमा नेपाली काँग्रेसबाट कुल निर्वाचितमध्ये करिब दुई प्रतिशत, एमालेबाट कुल निर्वाचितमध्ये ८.३३ प्रतिशत र राप्रपाबाट कुल निर्वाचितमध्ये १६.६७ प्रतिशत व्यक्ति नेवार समुदायका प्रतिनिधि थिए।

यो सबै तथ्याङ्कबाट के तथ्य पत्ता लाग्दछ भने राजनीतिक दलको केन्द्रीय तहमा, विधि निर्माण तहमा र स्थानीय तहमा नेवार समुदायको जनसङ्ख्याको अनुपातिक प्रतिनिधित्व भएको देखिन्छ। यो समूहको समस्या प्रतिनिधित्वको होइन। यो समूहको राजनीतिकभन्दा सांस्कृतिक तथा भाषिक पहिचानको समस्या प्रमुख हो।

### *मधेसी*

मुलुकमा मधेसी समुदायको हिस्सा कुल जनसङ्ख्याको करिब ३१ प्रतिशत रहेको छ। यस समुदायको दलहरूको केन्द्रीय समितिमा प्रतिनिधित्व ज्यादै न्यून भएको अवस्था तथ्याङ्क विश्लेषणबाट पाउन सकिन्छ। तालिका ३ मा दिइएअनुसार नेकपा (एमाले) को कुल केन्द्रीय सदस्यमा ३.३८ प्रतिशत मधेसी छन्। नेपाली काँग्रेसको कुल केन्द्रीय सदस्यमध्ये मधेसीको हिस्सा १०.८१ प्रतिशत छ। नेकपा

(माओवादी) मा २.८५ प्रतिशत, नेपाली काँग्रेस (प्रजातान्त्रिक) मा १४.२८ प्रतिशत, राप्रपामा २१.२१ प्रतिशत र सद्भावना पार्टीमा ९७.९६ प्रतिशत मधेसी केन्द्रीय सदस्य भएको पाइन्छ। सद्भावना पार्टी मधेसी मूलको क्षेत्रीय पार्टी भएका कारण यसमा मधेसीको प्रतिनिधित्व अधिक हुनु स्वाभाविक हो। राष्ट्रिय मान्यता प्राप्त सद्भावना पार्टीले अन्य सम्प्रदायको प्रतिनिधित्व नगराउनु बरु कमजोरी हो। तर, महत्त्वपूर्ण रूपमा मुलुकका ठूला दलहरूमा मधेसी समुदायको प्रतिनिधित्व नहुनु ज्यादै असहज अवस्था हो। दुवै नेपाली काँग्रेसमा वामपन्थी दलभन्दा केही बढी समावेशीकरण देखिनुको खास कारण छ। तराईमा रहेका धेरैजसो जमिनदार नेताहरू काँग्रेससँग नजिक भएको नेपाली काँग्रेसको नेतृत्वमा पहिलेदेखि नै मधेसीको सहभागिता बढी थियो। अर्कातर्फ वाम दलहरू मूलत: पहाडी मूलका निम्न किसानवर्गको अग्रसरतामा निर्माण भएकाले यो समुदायको सहभागिता नभएको हुन सक्छ।

अन्तरिम व्यवस्थापिका संसदमा मधेसी प्रतिनिधित्वको अवस्थाको विश्लेषण गर्दा राष्ट्रिय प्रजातन्त्र पार्टी र नेकपा (माओवादी) ले मात्र जनसङ्ख्याको समानुपातिक प्रतिनिधित्व गराएको देखिन्छ। तालिका ४ मा देखाइएअनुसार नेपाली काँग्रेसका कुल विधायकमध्ये १८.८२ प्रतिशत, नेकपा (एमाले) का कुल विधायकमध्ये १४.४५ प्रतिशत, नेकपा (माओवादी) का कुल विधायकमध्ये २७.७१ प्रतिशत, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का कुल विधायकमध्ये २३.०७ प्रतिशत, राप्रपाका कुल विधायकमध्ये ४० प्रतिशत र सद्भावना पार्टीका कुल विधायकमध्ये १०० प्रतिशत मधेसी थिए। तुलनात्मक रूपमा नेकपा (माओवादी) ले यस विधि निर्माणको तहमा मधेसीको प्रतिनिधित्व अधिक गराउन सकेको छ। नेपाली काँग्रेसमा जनजातिको तुलनामा मधेसी समुदायको सहभागिता बढी रहेको छ। यद्यपि वास्तविक जनसङ्ख्यासँग समानुपातिक चाहिँ छैन। नेकपा (एमाले) बाट निर्वाचित प्रतिनिधि सभा २०५६ का दुई मधेसी विधायकको हत्या भएका कारण उनीहरूको सङ्ख्या अन्तरिम संसदमा घटेको हो। तर पनि एमालेमा मधेसी प्रतिनिधित्वको अवस्था सन्तोषजनक छैन।

तालिका ५ मा दिइएअनुसार तेस्रो प्रतिनिधि सभा निर्वाचन २०५६ मा पनि मधेसी समुदायको प्रतिनिधित्वको अवस्था कमै रहेको थियो। आफ्ना निर्वाचित सदस्यमध्ये नेपाली काँग्रेस, नेकपा (एमाले), राप्रपा र सद्भावना पार्टीबाट क्रमश: २०.३५, १४.४९, ३६.३६ र ८० प्रतिशत मधेसी सदस्य थिए। यस समयमा पनि नेपाली काँग्रेसबाट राम्रै प्रतिनिधित्व भएको थियो अरू दलको

तुलनामा । तर दक्षिणपन्थी भनिएको राप्रपाबाट यस प्रतिनिधि सभामा मधेसीको सबैभन्दा राम्रो प्रतिनिधित्व रहेको थियो ।

तालिका ६ मा देखाइएअनुसार दोस्रो प्रतिनिधिसभा निर्वाचन २०५१ को तथ्याङ्कले पनि पछिल्ला तथ्याङ्कको जस्तै तस्बिर दिन्छ । उक्त निर्वाचनमा नेपाली काँग्रेसबाट निर्वाचितमध्ये २१.६८ प्रतिशत मधेसी थिए । त्यसैगरी नेकपा (एमाले), राप्रपा र सद्भावना पार्टीबाट आ-आफ्ना निर्वाचित सदस्यमध्ये क्रमशः ११.३६, ३० र १०० प्रतिशत मधेसी थिए । यस निर्वाचनमा सद्भावना पार्टी र राप्रपाबाट मात्र मधेसी समुदायको सन्तुलित प्रतिनिधित्व भएको देखिन्छ ।

मधेसी समुदायको प्रतिनिधित्वको अवस्था २०४८ सालको पहिलो प्रतिनिधिसभामा कस्तो थियो त ? उक्त निर्वाचनको परिणामलाई तालिका ७ मा हेर्दा नेपाली काँग्रेस विजयी बनेका सिटमध्ये २२.७२ प्रतिशतमा मधेसी थिए । नेकपा (एमाले) बाट विजयी बनेकामध्ये ११.५९ प्रतिशत र सद्भावना पार्टीबाट विजयीमध्ये शतप्रतिशत मधेसी थिए । अन्य साना दल र निर्दलीय उम्मेदवारबाट निर्वाचितमध्ये १२.५ प्रतिशत मधेसी थिए ।

तालिका ८ र ९ मा जिल्ला विकास समितिको निर्वाचनमा मधेसीको प्रतिनिधित्व देखाइएको छ । २०५४ सालको स्थानीय निर्वाचनमा जिल्ला विकास समितिको सभापति पदमा आ-आफ्ना पार्टीका निर्वाचित कुल सदस्यमध्ये नेपाली काँग्रेसबाट ७.६९ प्रतिशत, नेकपा (एमाले) बाट १२ प्रतिशत र राप्रपाबाट २५ प्रतिशत मधेसी समुदायका थिए । त्यस्तै, उपसभापतिमा नेपाली काँग्रेसबाट निर्वाचितमध्ये शून्य प्रतिशत, एमालेबाट १०.४१ प्रतिशत, राप्रपाबाट ३० प्रतिशत र अन्य साना र निर्दलीय उम्मेदवारमध्ये ५० प्रतिशत मधेसी समुदायको प्रतिनिधित्व भएको पाइन्छ । यसबाट ठूला दलले सभापति वा उपसभापति कुनै पदमा यस समुदायको प्रतिनिधित्व उचित रूपमा नभएको प्रस्टयाउँछ । त्यसैगरी स्थानीय निकाय निर्वाचन २०४९ को जिल्ला विकास समितिको निर्वाचन परिणाम हेर्दा नेपाली काँग्रेसबाट निर्वाचितमध्ये सभापति पदमा १३.७९ प्रतिशत, नेकपा (एमाले) बाट निर्वाचितमध्ये १२.५ प्रतिशत र राप्रपाबाट निर्वाचितमध्ये २५ प्रतिशत मधेसी थिए । उपसभापति पदमा नेपाली काँग्रेसका निर्वाचितमध्ये १५.६८ प्रतिशत, एमालेबाट शून्य र सद्भावनाबाट निर्वाचितमध्ये शत प्रतिशत मधेसी समुदायका थिए । वास्तवमा स्थानीय निकायमा पनि यस समुदायको समानुपातिक प्रतिनिधित्व भएको छैन ।

यसबाट के देखिन्छ भने सबै दलमा (सदभावना पार्टीबाहेक), सबै समयमा र सबै तहमा मधेसी समुदायको समानुपातिक प्रतिनिधित्व हुन सकेको छैन । दलको

**तालिका ८: स्थानीय निर्वाचन २०५४ मा जिविस सभापति र उपसभापतिमा दलगत जातीय प्रतिनिधित्व**

| जात/जाति | पद/दल → ↓ | नेपाली काँग्रेस | नेकपा (एमाले) | राप्रपा | सद्भावना | अन्य |
|---|---|---|---|---|---|---|
| खस | सभापति | ८ (६१.५३) | ३६ (७२) | ३ (७५) | - | २ (६६.६६) |
| (ब्राह्मण/क्षेत्री) | उपसभापति | ५ (७१.४२) | ३३ (६८.७५) | ४ (४०) | - | २ (५०) |
| जनजाति | सभापति | ३ (२३.०७) | ६ (१२) | - | - | १ (३३.३३) |
| | उपसभापति | २ (२८.५७) | ८ (१६.६६) | २ (२०) | - | - |
| मधेसी | सभापति | १ (७.६९) | ६ (१२) | १ (२५) | - | - |
| | उपसभापति | - | ५ (१०.४१) | ३ (३०) | - | २ (५०) |
| दलित | सभापति | - | - | - | - | - |
| | उपसभापति | - | - | - | - | - |
| नेवार | सभापति | १ (७.६९) | २ (४) | - | - | - |
| | उपसभापति | - | २ (४.१६) | १ (१०) | - | - |
| जम्मा | सभापति | १३ (१००) | ५० (१००) | ४ (१००) | - | ३ (१००) |
| | उपसभापति | ७ (१००) | ४८ (१००) | १० (१००) | - | ४ (१००) |

स्रोतः स्थानीय निर्वाचन परिणाम पुस्तिका २०५४, निर्वाचन आयोग, कोष्ठकमा दिएको अङ्क प्रतिशतमा

**तालिका ९: स्थानीय निर्वाचन २०४९ मा जिविस सभापति र उपसभापतिमा दलगत जातीय प्रतिनिधित्व**

| जात/जाति | पद/दल → ↓ | नेपाली काँग्रेस | नेकपा (एमाले) | राप्रपा | सद्भावना | अन्य |
|---|---|---|---|---|---|---|
| खस | सभापति | ३७ (६३.७९) | ४ (५०) | १ (२५) | - | ४ (८०) |
| (ब्राह्मण/क्षेत्री) | उपसभापति | २८ (५४.९०) | ७ (५८.३३) | ३ (५०) | - | १ (३३.३३) |
| जनजाति | सभापति | ९ (१५.५१) | ३ (३७.५) | २ (५०) | - | - |
| | उपसभापति | १४ (२७.४५) | ४ (३३.३३) | २ (३३.३३) | - | २ (६६.६६) |
| मधेसी | सभापति | ८ (१३.७९) | १ (१२.५) | १ (२५) | - | - |
| | उपसभापति | ८ (१५.६८) | - | - | ३ (१००) | - |
| दलित | सभापति | १ (१.७२) | - | - | - | - |
| | उपसभापति | - | - | - | - | - |
| नेवार | सभापति | ३ (५.१७) | - | - | - | १ (२०) |
| | उपसभापति | १ (१.९६) | १ (८.३३) | १ (१६.६७) | - | - |
| जम्मा | सभापति | ५८ (१००) | ८ (१००) | ४ (१००) | - | ५ (१००) |
| | उपसभापति | ५१ (१००) | १२ (१००) | ६ (१००) | ३ (१००) | ३ (१००) |

स्रोतः स्थानीय निर्वाचन परिणाम पुस्तिका २०४९, निर्वाचन आयोग, कोष्ठकमा दिएको अङ्क प्रतिशतमा

केन्द्रीय तहमा भन्दा विधि निर्माणको तहमा मधेसी समुदायको सहभागिता तुलनात्मक रूपमा बढिरहेको छ । तर जनसङ्ख्याको अनुपातमा भने कम नै छ ।

नेपाली काँग्रेसमा अरू दलको तुलनामा राम्रो तर औसतभन्दा एकतिहाई कम प्रतिनिधित्व भएको पाइन्छ । त्यस्तैगरी वाम दलमा जनजातिको राम्रो प्रतिनिधित्व रहेकोले मधेसीमा नेका तथा जनजातिमा एमालेको प्रभाव भएको निष्कर्ष निकाल्न सकिन्छ । माओवादीको सङ्गठन विस्तार पछिल्लो समयमा मात्र भएकोले यसका बारेमा निष्कर्षमा पुगिहाल्नु हतार हुनेछ । तर पनि यसको प्रभाव दलको नीतिनिर्माण तहमा ज्यादै कम छ। एमालेमा त झनै निराशाजनक अवस्था रहेको छ ।

***दलित***

मुलुकमा दलित समुदाय राजनीतिक, आर्थिक, सामाजिक सबै दृष्टिकोणले सीमान्तकृत र उत्पीडित समुदाय हो । प्रमुख सत्ताधारी र विपक्षी राजनीतिक दलहरूको केन्द्रीय कार्य समितिमा भएको दलित जातिको उपस्थिति तालिका ३ मा दिइएको छ। केन्द्रीय समितिमा दलितको प्रतिनिधित्वलाई हेर्दा नेपाली काँग्रेसमा २.७० प्रतिशत, नेकपा (एमाले) मा १.६९ प्रतिशत, नेकपा (माओवादी) मा २.८५ प्रतिशत र नेपाली काँग्रेस (प्रजातान्त्रिक) मा ३.५७ प्रतिशत भएको पाइन्छ । तालिका ४ मा दिइएको आँकडाअनुसार अन्तरिम संसदमा आ-आफ्ना दलबाट प्रतिनिधित्व गर्नेमध्ये नेपाली काँग्रेसका १.१७ प्रतिशत, नेकपा (एमाले) का २.४१ प्रतिशत र नेकपा (माओवादी) का १४.४५ प्रतिशत सदस्य दलित समुदायका छन् । यस प्रकार माओवादीले दलितहरूको कुल जनसङ्ख्याको अनुपातभन्दा केही प्रतिशत बढी प्रतिनिधित्व गराउन सफल भएको देखिन्छ ।

विगतमा दलित समुदायको विधि निर्माणको तहमा कस्तो प्रतिनिधित्व रहेछ भन्नेबारे जानकारी तालिका ५, ६ र ७ ले दिन्छन् । २०५६ सालको तेस्रो प्रतिनिधि सभामा दलितको प्रतिनिधित्व शून्य थियो । त्यस निर्वाचनमा यी प्रमुख दलले दलितलाई उम्मेदवारीको समेत मौका दिएका थिएनन् । २०५१ सालको दोस्रो प्रतिनिधि सभामा पनि दलित समुदायबाट प्रतिनिधित्व भएन । २०४८ सालको प्रतिनिधिसभाको निर्वाचनमा नेपाली काँग्रेसबाट एकमात्र दलित उम्मेदवार निर्वाचित भएका थिए ।

दलित प्रतिनिधित्वको यस्तो नाजुक स्थिति राष्ट्रिय राजनीतिमा मात्रै होइन, स्थानीय तहमा पनि थियो । स्थानीय निकाय निर्वाचन २०५४ को जिल्ला विकास समितिको परिणाममा सभापति, उपसभापति दुवै पदमा कुनै पनि दलबाट कुनै पनि पदमा कोही पनि दलित निर्वाचित भएको पाइँदैन (तालिका ८) । यस्तै २०४९ सालको जिल्ला विकास समितिको सभापति पदमा नेपाली काँग्रेसबाट

निर्वाचित एकमात्र सभापति दलित रहेका थिए । उनी उदयपुर जिल्ला विकास समिति सभापति भएका थिए (तालिका ९) । उनीबाहेक दलितलाई जिल्ला विकास समितिको कुनै पनि पदमा उम्मेदवारीको मौका नै दिइएको थिएन । यसबाट के देखिन्छ भने राजनीतिक रूपमा दलितहरू राष्ट्रिय राजनीति, नीतिनिर्माण तह र स्थानीय निकायको तहमा समेत अत्यन्त परिवर्जित अवस्थामा रहेका छन् ।

समग्रमा यस आलेखमा विश्लेषणका आधार बनाइएको सबै समय, सबै राजनीतिक तथा विधि निर्माणको तह र सबै राजनीतिक दलहरूमा दलित समुदायको जातीय जनसङ्ख्याको अनुपातमा सबैभन्दा नराम्रो प्रतिनिधित्व रहेको छ । यो समूहको राजनीतिक प्रनिनिधित्वको मात्र समस्या होइन, राजनीतिक सँगसँगै सांस्कृतिक, सामाजिक समस्या पनि सम्बोधन गरिनु आवश्यक छ । छुवाछूत जस्तो निन्दनीय व्यवहारका कारण सामाजिक र सांस्कृतिक रूपमा सीमान्तकरण र उत्पीडनको चपेटामा परेको यो समुदाय राजनीतिको कुनै तहमा सम्मानजनक रूपमा कुनै समयमा पनि आउन सकेन । यसको पछाडि कैयन कारण छन् । उत्पीडन तथा समाजमा रहेको विभेदको पहाडले थिचेकोले दलितहरू आवाजहीन भएर रहनुपऱ्यो । यद्यपि माओवादीमा अरू दलको तुलनामा विधि तथा नीतिनिर्माण तहमा यो समुदायको सहभागिता रहेको छ । माओवादीले अन्तरिम विधायिकामा यसको वास्तविक जनसङ्ख्याको हाराहारीको अनुपातमा प्रतिनिधित्व गराएको छ । त्यस्तै माओवादीले यस समुदायलाई लक्षित गरेर बेग्लै मोर्चा पनि निर्माण गरेको छ र यो समूह माओवादीको खास आधार पनि हो ।

## दलहरूमा जातीय विविधता: लोकतन्त्रको प्रतिबिम्ब

राजनीतिक दल लोकतान्त्रिक राजनीति वा शासन व्यवस्थाका आधार स्तम्भ हुन् । राजनीतिक दलविनाको प्रतिस्पर्धात्मक लोकतान्त्रिक व्यवस्थाको कल्पना गर्न सकिन्न । राजनीतिक दल नै सामाजिक र राजनीतिक परिवर्तनका वाहक भएकाले तिनकै नीति, सिद्धान्त, दृष्टिकोण र कार्यक्रमले राज्य प्रणाली तथा राज्ययन्त्रको कार्य सम्पादन निर्देशित हुन्छ । राजनीतिबाट अर्थनीति, सामाजिक वा अन्य सार्वजनिक नीति निर्देशित हुन्छन् । लोकतन्त्रको स्थापना, स्थायित्व, उत्थान र पतनको नक्सा राजनीतिक दलको गठन, सिद्धान्त, सञ्चालन, व्यवहार र यसको अभीष्टमा निर्भर रहन्छ (भुर्तेल २०६०क) । यो तथ्य नेपाली राजनीतिमा पनि लागू हुन्छ । लोकतन्त्र दुई प्रकारका हुन्छन् । पहिलो, प्रत्यक्ष लोकतन्त्र जसमा सबै जनताले राजकीय प्रक्रियामा सामेल हुने मौका पाउँछन् । तर आधुनिक र ठूलो राज्यमा त्यो सम्भव हुँदैन । त्यसकारण दोस्रो खालको लोकतन्त्र–

प्रतिनिधिमूलक लोकतन्त्रको कल्पना गरिएको हुन्छ । यस्तो लोकतन्त्रका साधन राजनीतिक दल नै हुन् (भुर्तेल २०६०ख) ।

समाज र राष्ट्रको सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरणको नक्सालाई राजनीतिक दलको कार्यक्रमले निर्धारित गरेको हुन्छ । सत्तामा रहेको राजनीतिक दलले सञ्चालन गर्ने कार्यक्रम र नीतिमा राष्ट्र र समाजको संरचना, मूल्य मान्यता र अभिमुखीकरण आदिको स्थापना, निरन्तरता र विकास निर्भर हुन्छ । किनभने राजनीतिक दलले राज्य सञ्चालन मात्र गर्दैनन्, तिनले प्रमुख राजनीतिक र सामाजिक प्रक्रिया पनि सञ्चालन गर्दछन् । ती सबै राजनीतिक र सामाजिक प्रक्रियाहरू राजनीतिक परसंस्कृतीकरण, राजनीतिक स्वसंस्कृतीकरण, राजनीतिक सामाजिकीकरण, सामाजिक परिचालन, राजनीतिक परिचालन र सामाजिक आधुनिकीकरण आदिका रूपमा रहेका छन् (लापोलाम्बोरा र विनर सन् १९६६) ।

लोकतान्त्रिक शासन व्यवस्थामार्फत माथिका प्रक्रियालाई राजनीतिक दलले आफ्ना कार्यकर्ता, समर्थक, शुभेच्छुक तथा आम नागरिकसम्म पुऱ्याउँछन् । यसबाट सामाजिक रूपान्तरणको खाका तयार हुन्छ । कस्तो समाज, राजनीतिक संस्था र मान्यता बनाउने भन्ने विषय राजनीतिले निर्धारण गर्दछ । राजनीतिक प्रक्रियाले अन्य सबै प्रक्रियालाई सोहीअनुसारको परिवर्तन र समायोजनसँगै परिचालन गर्दछ (एङ्गेलम्यान सन् १९५७) ।

नेपालमा राजनीतिक दलहरूले विगत १२ वर्षे संसदीय कालखण्डमा गरेको गलत अभ्यासले राजनीतिक दलहरू लोकतन्त्रको नाममा गलत दिशातर्फ अभिप्रेरित भएको देखाउँछ । नेपाली समाजमा नैतिक स्खलनका रूपमा चिनिएको त्यस कालखण्डको अभ्यासले राजनीतिक दललाई राजनीतिक तथा सामाजिक प्रक्रियाको परिचालनबाट टाढा पुऱ्यायो । यसबाट जनतामा दलहरूप्रति अपार निराशा र उदासिनता जन्मायो । परिणामस्वरूप जनताबाट त्यस समयमा दलहरू टाढिए । प्रमुख राजनीतिक दलका नेताहरूले यसबारे सार्वजनिक रूपमा नै स्वीकारोक्ति जाहेर गरेका छन् । राजनीतिक दल सत्ता स्वार्थका कारण आन्तरिक द्वन्द्वमा नराम्रोसँग फसे । आफ्नो दलभित्रको द्वन्द्वलाई लोकतान्त्रिक विधिबाट हल गर्ने दिशामा अभिमुखरित समेत नभएको तीतो यथार्थ छ । आफ्नो दलको आन्तरिक द्वन्द्वको समाधान गर्न नसक्नुको मुख्य कारण अन्तरपार्टी लोकतन्त्रको अभाव हो । दलहरूमा आफ्नो मान्छे र आफ्नो गुटको मान्छेको नाममा काखा र पाखा गर्ने परिपाटी रह्यो । सत्ता प्राप्तिका लागि पार्टीभित्र भएका द्वन्द्व, दाउपेच तथा मुठभेडको स्थिति, दलहरूको सदस्य भर्ती प्रक्रिया, कार्यकर्ता प्रशिक्षण तथा पदोन्नति पद्धतिलाई आत्मसात गर्न नसक्दा जन्मेको असहिष्णुताको प्रतिफल

हो । यसका कारण समाजमा भएको सबैभन्दा महत्त्वपूर्ण समावेशीकरण र जनसहभागितामा आधारित राजनीतिक विकासको ढोका बन्द भयो ।

राजनीतिक दलका नेताहरूले आफूलाई जतिसुकै लोकतान्त्रिक दाबी गरे पनि पार्टीमा र कार्यकर्ताबीचमा मनोवैज्ञानिक रूपले एक जमिनदारभन्दा एक इन्च पनि फरक देखिएनन्, विगतमा । त्यो अहिले पनि उत्तिकै कायम छ । कार्यकर्ताहरू मानौँ दास हुन् र पार्टीका नेताहरू जमिनदार । सीमान्तकृत र असामेलीकृत जनताबाट नेतृत्व विकास गर्ने मुद्दा कहिल्यै केन्द्रीय विषय बनेन । दलको नेतृत्व सामन्तवाद र जमिनदारी प्रथाको धङ्धडीबाट माथि उठ्न सकेन । यो नेपाली राजनीतिक दलहरूको सबैभन्दा ठूलो दुर्भाग्य हो । आन्तरिक लोकतन्त्रको अभावमा दलहरू आफै लोकतान्त्रिक हुन सकेनन् जसका कारण २०४७ को संविधानले परिकल्पना गरेको आदर्शहरूलाई मुलुकले आत्मसात गर्न सकेन । समाजमा भएको अन्तर्विरोधको समाधान गर्न नसक्दा मुलुक ठूलो सशस्त्र द्वन्द्वमा फस्यो । यसरी सामाजिक समावेशीकरण र सामेली लोकतन्त्र जनसहभागितामा आधारित राजनीतिक संस्कारको विकास नै हुन सकेन ।

हालको दलीय प्रतिनिधित्व क्षेत्रीय, जातीय, लैङ्गिक, भौगोलिक आदि दृष्टिकोणबाट असमान छ । दलहरूमा विशेष वर्ग, क्षेत्र र जातिको बाहुल्य रहेको छ । खास गरेर उच्च जातका क्षेत्री, बाहुन र नेवारको बाहुल्य रहेको छ । यो सबै राजनीतिक पार्टीहरूमा धेरथोर लागू हुन्छ । त्यस कारण लोकतन्त्रप्रति प्रतिबद्ध पार्टीहरूले सबै क्षेत्र, जातजाति र लिङ्गलाई समान रूपमा प्रतिनिधित्व गराउनुपर्छ । तब मात्र समावेशी र सहभागितामूलक लोकतन्त्र सम्भव हुन्छ । अर्कोतर्फ सबै वर्ग र क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने क्षमताको जमात पैदा भइसकेको छ । तर पनि जातीय आधारमा जनसङ्ख्याको समानुपातिक प्रतिनिधित्वको अवस्था छैन । स्थान र वर्गविशेषमा जनसङ्ख्याको बाक्लो उपस्थिति भएको क्षेत्रमा दलमा प्रतिनिधित्व गर्ने अवस्था सिर्जना भएको छैन । पार्टीका सबै तह (केन्द्र, अञ्चल, जिल्ला, निर्वाचन क्षेत्र, गाउँ र वडासम्म) को सङ्गठनमा समावेशीकरण गर्न दलहरू तयार भएका छैनन् । जबसम्म दलहरूले सबै वर्ग, तह, तप्का, जाति, जनजाति, आदिवासी, उत्पीडित, दलित र महिलाको समानुपातिक प्रतिनिधित्व गर्न सक्दैनन् तबसम्म लोकतान्त्रिक ठहरिन्नन् । लोकतान्त्रिक दलमा समानुपातिक प्रतिनिधित्व हुनुपर्दछ । यो अनिवार्य सर्त हो (भुर्तेल सन् २००७) ।

राजनीतिक दलहरूले संसदको निर्वाचनमा टिकट दिँदा होस् वा स्थानीय निकायमा दिइने टिकटमा होस्, समावेशीकरण भएको छैन । अन्य आयोग, राजनीतिक नियुक्ति आदिमा समेत समावेशीकरण भएको छैन । कार्यकर्ताको

पदोन्नतिमा पनि यता ध्यान गएको छैन । यसमा कुनै मापदण्ड वा सकारात्मक विभेदमा आधारित आरक्षण पनि भएको छैन । यसप्रकार अहिलेकै अवस्थामा समावेशीकरण र सहभागिताको नाराले मात्रै दलहरू चल्ने स्थिति छैन (आचार्य २०६० र भुर्तेल २०६०क) ।

मुलुकका प्रमुख राजनीतिक दलले जतिसुकै समावेशीकरण र सहभागितामूलक लोकतन्त्रको पण्डित्याइँ गरे पनि व्यवहारमा उनीहरू समावेशी लोकतन्त्रको पक्षमा नभएको माथि विश्लेषण गरिएको तथ्याङ्कले देखाउँछ । सबै राजनीतिक दलको केन्द्रीय तहमा मधेसी, आदिवासी, जनजाति र दलितको समानुपातिक समावेशीकरण भएको छैन । दलितको सबैभन्दा चिन्ता लाग्दो अवस्था छ । समग्रतामा यस आलेखमा विश्लेषणको आधार बनाइएको सबै समय, सबै राजनीतिक तथा विधि निर्माणको तह तथा सबै राजनीतिक दलमा आदिवासी, जनजाति, मधेसी, दलित समुदायको जातीय जनसङ्ख्याको अनुपातमा सम्मानजनक र न्यायिक प्रतिनिधित्व रहेको छैन । जुनसुकै दलको नीतिनिर्माण तहमा होस् वा विधायिकामा यी समूहहरूको प्रतिनिधित्वको अवस्था राम्रो छैन । माओवादीमा अरू दलको तुलनामा विधि तथा नीतिनिर्माणको तहमा पिछडिएका समुदायको सहभागिता राम्रो रहेको छ । यो सकारात्मक हो किनभने माओवादी अन्तरिम संसदमा रहेको सबैभन्दा कान्छो राजनीतिक दल थियो तर समावेशीकरणको मामलामा यो जेठो देखियो । यसलाई राम्रो सङ्केत मान्नु पर्छ ।

मानव विकासको अवस्थाले जाति विशेषको सहभागितालाई प्रभाव पार्ने भएकोले प्रमुख सबै दलको केन्द्रीय कार्यसमितिमा आदिवासी/जनजाति, मधेसीको सहभागिता अत्यन्तै न्यून रहेको छ । नेवार समुदायको नेतृत्व तहमा सहभागिता जनसङ्ख्याको राष्ट्रिय प्रतिशतभन्दा केही बढी अर्को प्रमाण हो । राजनीतिक क्षेत्रमा तराईका विभिन्न समुदायमध्ये यादव समुदायको प्रतिनिधित्व बढी रहेको छ । त्यस्तै थारू समुदायको प्रतिनिधित्वको अवस्था पनि सन्तोषजनक देखिन्छ । मधेसी दलितको सहभागिता ज्यादै न्यून छ । पहाडी मूलका आदिवासी जनजातिको प्रतिनिधित्व पनि समानुपातिक हुन सकेको छैन । पहाडी जनजातिमा राई, लिम्बू र गुरुङको प्रतिनिधित्व ती जातिको जनसङ्ख्याको राष्ट्रिय प्रतिशतभन्दा केही बढी रहेको छ । असमावेशीकरण, असामेलीकरण, परिवर्जन, सीमान्तीकरण र पृष्ठक्षेत्रीयकरणलाई मुलुकको तमाम अन्तर्विरोधको जडका रूपमा व्याख्या गर्ने राजनीतिक दलको नेतृत्व र विधि निर्माण तहमा नै सबै प्रकारका असमानता, विभेदीकरण र सीमान्तीकरणका कठोर अभ्यास भएका छन् । दलको कार्यशैली र उसले दिने नाराबीचको बेमेलको उदाहरण हो यो ।

अर्कोतर्फ जातीय समावेशीकरणको प्रश्नले केही जनजाति, मधेसी र दलितभित्रै पनि विशेषाधिकार प्राप्त वर्ग जन्मने खतरा बढेको छ । यसो भएमा सीमान्तकृत जातिमा अझ सीमान्त बन्ने खतरा हुन्छ । जस्तो तराईमा थारू र यादवको आफ्नो जातीय जनसङ्ख्याको राष्ट्रिय औसतभन्दा बढी दलगत तथा विधि निर्माणको तहमा सहभागिता रहेको छ । त्यस्तै पहाडमा राई, लिम्बू, मगर र गुरुङको त्यस्तै अवस्था छ । बाँकी तराईका मधेसी र पहाडका जनजातिको सहभागिता न्यून बन्दै गइरहेको छ ।

यसको परिणामले मुलुकको राजनीतिक नेतृत्व निर्माणमा तीनओटा महत्त्वपूर्ण खतरा पैदा गर्नेछ । पहिलो मुलुकको राजनीतिक नेतृत्व निर्माणमा क्षेत्रीयता एवं जातीयतामा आधारित हुने र स-सानो क्षेत्रमा रहेका थोरै-थोरै जनतामा आधारित नेतृत्व बन्ने अनि मुलुकमा गठबन्धन र अल्पमतका सरकार बन्नेछन् । त्यस्तो अवस्थामा गठबन्धन संस्कृतिको विकास नभएको मुलुकमा सरकारमा स्थीरता नहुने अवस्था आउँछ । जातीयता र क्षेत्रीयतामा आधारित राजनीतिले मुलुकलाई आवश्यक एकल राष्ट्रिय पहिचान र राष्ट्रिय चरित्र निर्माण गर्न दिँदैन । राष्ट्रिय पहिचान र राष्ट्रिय चरित्र मुलुकको आर्थिक, सामाजिक र राजनीतिक विकास र समृद्धिको प्रमुख सर्त हुन् (ह्यारिसन सन् २००१) ।

दोस्रो महत्त्वपूर्ण खतरा, मुलुकका राजनीतिक दलहरूमा समावेशीकरण नभए विभिन्न जाति जनजातिले जातीय सङ्गठनका आधारमा आफ्ना आन्दोलन अगाडि बढाए त्यो पूर्व राजनीति (प्रिपोलिटिक्स) तर्फ अभिमुखरित हुनेछ (भुर्तेल २०६३ख) । आधुनिक राजनीतिमा लोकतन्त्रको अभ्यास गर्ने साधन राजनीतिक दल नै हुन् । राजनीतिक दलको विकल्प अन्य सङ्गठन हुन सक्दैनन् । अन्य हित सङ्गठन, दबाब समूह र नागरिक समाज राजनीतिक नेतृत्व गर्ने संस्था होइनन् । तिनीहरू त समाजका पहरेदार मात्र हुन् ।

जातीय सङ्गठनले राजनीतिक प्रक्रियामा जातीय प्रतिनिधित्वको साधन बन्न खोजे त्यो राजनीतिशास्त्रको दृष्टिकोणले पूर्व राजनीति हुन्छ । आधुनिक राजनीतिको पछिल्लो अभ्यास लोकतन्त्र हो । लोकतन्त्रमा राजनीतिका एक मात्र साधन राजनीतिक दलहरू हुन् । तर यस्तो परिस्थिति तयार भएमा यो कविलातन्त्रको आधुनिक संस्करणमा परिणत हुने खतरा छ । त्यस्तो अवस्थामा नागरिक बलियो भएको राज्य निर्माण हुँदैन । जबसम्म राज्य बलियो बन्दैन तबसम्म नागरिकताको दाबी हुँदैन । नागरिकता दाबी नभए त्यो लोकतन्त्र हुँदैन । त्यस अवस्थामा यसलाई ‘इथ्नो पोलिटिक्स’ अर्थात् कविला राजनीतितर्फ अग्रसर बन्दै गइरहेको मानिन्छ । यसले आधुनिक लोकतन्त्र, राज्य, नागरिक निर्माणमा बाधक अवस्था सिर्जना गर्छ । अहिले

मुलुकलाई आधुनिक राजनीतिक सिद्धान्त र अभ्यासमा आधारित नागरिक र राज्य बलियो भएको राष्ट्रिय चरित्रसहितको लोकतन्त्र चाहिएको छ ।

तेस्रो, राजनीतिक दलले समावेशीकरणको प्रक्रियालाई तीव्र नबनाएमा यसले नेपाली समाजलाई जातीय हिंसात्मक राजनीतितर्फ अग्रसर बनाउँछ । तराईमा अहिले हिंसात्मक गतिविधि गरिरहेका राजनीतिक समूहहरू यसैका उदाहरण हुन् । यसबाट मुलुकमा एकतर्फ राज्यको प्रारम्भिक दायित्व जनताको जीउधनको सुरक्षा गर्न, कानुनी व्यवस्था बनाइराख्न र शान्तिसुरक्षाको वातावरण बनाउन समस्या पर्छ । अर्कोतर्फ जातीय विभाजन जातीय हिंसामा परिणत हुने खतरा बढ्छ । त्यसकारण दलहरूमा जातीय सामेलीकरण लहड वा लोकप्रिय नारा मात्र होइन, यो धरातलीय यथार्थको आवश्यकता हो । मुलुकको जातीय विविधता, बहुलता, पहिचान र सहभागिताको बहुपक्षीय अन्तर्क्रियाले समावेशीकरण राजनीतिक प्रक्रियाको ऐतिहासिक आवश्यकता भएको छ । यसतर्फ समयमा ध्यान गएन भने यसले भविष्यमा गम्भीर सङ्कट निम्त्याउनेछ ।

## सिफारिसहरू

अहिलेको तरल राजनीतिक र सङ्क्रमणकालीन अवस्थामा राजनीतिक दलहरूले आफ्नो नेतृत्व ढाँचामा परिवर्तन नल्याए मुलुक राजनीतिक सङ्कटको भड्खालोतर्फ अगाडि बढ्नेछ । अहिले मुलुक अग्रगमन र जातीय हिंसाको पूर्व सन्ध्याको चौबाटोमा उभिएको छ । मुलुकका सामु अग्रगामी परिवर्तनको अवसर मात्र छैन, जातीय हिंसाको खतरा र सैनिक शासनको चुनौती समेत रहेको छ (भुर्तेल सन् २००७) । यसको समाधानका लागि मुलुकको राजनीतिको प्रमुख हिस्सेदार राजनीतिक दल, राज्य, नागरिक समाज, हित सङ्गठन, दबाब समूह, जातीय हित सङ्गठनको सामूहिक पहलकदमीको आवश्यकता छ । अहिलेको समस्याको समाधानका लागि निम्न सिफारिस गरिन्छः

१. राजनीतिको मूलधारमा रहेका सबै राजनीतिक दलहरूले आ-आफ्ना दलको विशेष सम्मेलन वा महाधिवेशन बोलाई केन्द्रीय नेतृत्व समावेशी बनाउने र विभिन्न तहगत अधिवेशन वा सम्मेलन बोलाई दलको केन्द्रदेखि तल्ला इकाईहरूसम्म मुलुकको जनसाङ्ख्यिक अवस्थालाई प्रतिनिधित्व गर्ने खालको जातीय समीकरणमा सहभागिता बढाउने कार्यलाई तीव्रता दिनुपर्दछ । यसबाट राजनीतिक दलको कथनी र करणीमा समानता हुनेछ । सबै

असन्तुष्ट समूहबीचमा कमसेकम आशावादी बन्ने वातावरण बन्नेछ । यो अहिलेको दलहरूको प्राथमिक दायित्व हो ।

२. राजनीतिक दलसम्बन्धी विधेयकमा जनसाङ्ख्यिक प्रतिनिधित्वको अवस्थालाई ग्यारेन्टी गर्ने प्रावधान राख्ने र यसलाई कानुनी रूपमा अनिवार्य गर्ने । अहिलेको दलसम्बन्धी कानुनको संशोधन गर्ने ।
३. अन्तरिम विधायिका संसदले आफ्नो सम्बन्धित समितिलाई राजनीतिक दलमा सामेलीकरणसम्बन्धी प्रावधान कडाइका साथ लागू गर्ने । सो कानुनको तर्जुमा गर्न राज्यव्यवस्था समितिमा आवश्यक पहल गर्ने ।
४. राजनीतिक समावेशीकरणको प्रत्येक जातिगत प्रतिनिधित्वको अवस्थाको अध्ययन नसमेटिएकोले यस्तो व्यक्तिगत अध्ययन आवश्यक छ । गरिबी र राजनीतिक परिवर्जनसँगको सह-सम्बन्ध र गरिबी दरले परिवर्जन दरलाई कसरी प्रभाव पार्छ भन्ने तथ्यको वैज्ञानिक विश्लेषणको लागि सिफारिस गरिन्छ । यसको विश्लेषणले मात्र राजनीतिक समावेशीकरणको लागि उपयुक्त सुझाव दिन सकिन्छ । आलेखको सीमाका कारण त्यस्तो अध्ययन यहाँ गरिएन ।
५. निर्वाचन आयोगले समावेशीकरणमा जोड दिने र निर्वाचन कानुनमा यस प्रकार कानुनी व्यवस्था गर्न आवश्यक प्रावधान निर्माणमा जोड दिने ।
६. नागरिक समाजले राजनीतिक दलहरूमा समावेशीकरणका लागि अभिमत निर्माण गर्ने र त्यसका लागि दबाब सिर्जना गर्ने वातावरण निर्माणमा अग्रसर हुने ।
७. सञ्चारमाध्यमले राजनीतिक समावेशीकरणका लागि विशेष गरी छापामाध्यमले सम्पादकीय टिप्पणी, समाचार, समाचार विश्लेषण र विचार सामग्रीको माध्यमले दलहरूलाई दबाब दिने ।
८. हित सङ्गठन, दबाब समूहले समावेशीकरणको पक्षमा दबाब सिर्जना गर्न अग्रसर हुने ।

## टुङ्गो

मुलुकमा राजनीतिक दलहरूमा जातिगत दृष्टिकोणमा गैरन्यायिक राजनीतिक सहभागिताको अवस्था छ । राजनीतिमा रहेको यसै असमान र गैरन्यायिक प्रतिनिधित्वको अभिव्यक्तिका रूपमा नेपाली समाजमा विद्यमान सबै असमान पहुँच र असमान सहभागिता जन्मिएका हुन् । समाजमा रहेको सीमान्तीकरण, विभेदीकरण र पृष्ठक्षेत्रीयकरण अन्त्यका लागि राजनीतिमा रहेको सीमान्तीकरण, विभेदीकरण र पृष्ठक्षेत्रीयकरणको अन्त्य हुनुपर्दछ । राजनीतिमा सहभागिता

बढेमा नीतिनिर्माण र विधि निर्माणको तहमा सीमान्तकृत समूहको पहुँच बढ्दछ । त्यस समुदायले आफ्नो विकासका लागि आवश्यक नीति तथा कार्यक्रम निर्माण गर्ने वातावरण बन्छ । समाजमा व्याप्त शोषण, दमन, उत्पीडन, परिवर्जन अन्त्य गरी सामाजिक न्यायमा आधारित बहुलवादी, खुला, समावेशी, सहभागितामूलक, सहअस्तित्व र सहिष्णु समाजको निर्माण गर्न पहिलो आवश्यकताका रूपमा रहेको दलहरूमा जातीय समावेशीकरण अहिलेको अत्यावश्यक विषय हो । यसो नभए मुलुकमा विद्यमान अन्तर्विरोधको हल निस्कन सक्दैन । र, मुलुकमा प्रकारान्तरका राजनीतिक द्वन्द्वको सिलसिला कायम रहनेछ ।

ऐतिहासिक अन्याय र विभेदका सन्दर्भमा खास स्थितिसम्म आवश्यक आरक्षण र सकारात्मक विभेदको व्यवस्था चाहिन्छ । अर्थ राजनीतिक स्रोतमाथिको व्यापक पहुँचका व्यवधानहरूलाई हटाउनुपर्छ तर यसको एउटै उद्देश्य समावेशी विकास अर्थात् विकासको क्रिया र फल दुवैमा सबैको सहभागितालाई सुनिश्चित गर्नु नै हुनुपर्छ (शर्मा सन् २००७) ।

## सन्दर्भ सामग्री


आचार्य, निलाम्बर । २०६० । दलहरूमा प्रतिनिधित्व । *कान्तिपुर*, १२ भदौ, पृ. ७ ।

कानुन किताब व्यवस्था समिति । २०६३ । *नेपालको अन्तरिम संविधान* । काठमाडौं: कानुन किताब व्यवस्था समिति, नेपाल सरकार ।

भुर्तेल, भीमप्रसाद । २०६०क । बहुदलीय प्रजातन्त्रको संस्थागत विकासका लागि राजनीतिक दलहरूको सुधार र पुनःसंरचना । दलहरूको सुधार र पुनःसंरचना विषयमा प्रस्तुत अवधारण पत्र, फोरिड, काठमाडौं ।

भुर्तेल, भीमप्रसाद । २०६०ख । राजनीतिक दलहरूको सुधार र पुनर्संरचना । *कान्तिपुर*, १९ भदौ, पृ. ७ ।

भुर्तेल, भीमप्रसाद । २०६३ । पहिले दलहरूको पुनर्संरचना । *समय*, ५ असोज, पृ. ३६ ।

शर्मा, पिताम्बर । सन् २००७ । नेपालमा सङ्घात्मक संरचनाको आधार: एक योजनापरक दृष्टिकोण । नेपालमा सङ्घीयताको आधार र सम्भावना विषयक गोष्ठीमा प्रस्तुत कार्यपत्र, पोखरा ।

Bhurtel, Bhim Prasad. 2007. Rhetoric and Realities of the Interim Constitution 2007. In *Democratic Constitution Making*. Hari P. Bhattrai and Jhalak Subedi, eds., pp. 83-101. Kathmandu: Nepal South Asia Centre.

Engelmann, Frederick C. 1957. A Critique of Recent Writings on Political Parties. *The Journal of Politics* 19(3): 423-440.

Hachhethu, Krishna. 2006. *Political Parties of Nepal, Baha Occasional Paper 1*. Lalitpur: Social Science Baha.

Harrison, Lawrence E. 2001. Introduction. In *Culture Matters: How Values Shape Human Progress*. Lawrence E. Harrison and Samuel P. Huntington, eds., pp. xvii-xxxiv. New York: Basic Books.

Lapalombara, Joseph and Myron Weinner. 1966. Origin and Development of Political Parties. In *Political Parties and Political Development.* Joseph Lapalombara and Myron Weinner, eds., pp. 3-42. New Jersey: Princeton University Press.

Lawoti, Mahendra. 2007. Constitution as a Source of Exclusion: An Overview of the 1990 Constitution. In *Democratic Constitution Making*. Hari P. Bhattarai and Jhalak Subedi, eds., pp. 11-50. Kathmandu: Nepal South Asia Centre.